मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक १८० | २०८० साल वैशाख २९ गते शुक्रबार | Friday 12, May. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

भित्र

पृष्ठ २ मा
कार्कीलाई रामा यादव स्मृति पत्रकारिता पुरस्कार
......................
पृष्ठ ३ मा
गायत्री परिवारद्वारा यादव सम्मानित
......................
पृष्ठ ४ मा
मिथिलाको छुट्टै पहिचान पान – वीरेन्द्र रमण
......................
पृष्ठ ५ मा
समस्याग्रस्त दुई सहकारीबाट बचतकर्ताको रकम फिर्ता
......................
पृष्ठ ६ मा
जनआन्दोलनका घाइते कायस्थको निधन
......................
पृष्ठ ७ मा
पाकिस्तानी पूर्वविदेशमन्त्री पक्राउ
......................
पृष्ठ ८ मा
आदिकवि भानुभक्तको शालिकमाथि राजनीति

## चोर समात्न चोरकै अभिनय

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा केही सातादेखि चोरीका घटना वृद्धि भएपछि प्रहरीले 'चोर'को भेषमा चोर समात्ने अभियान चलाएको छ । प्रहरीले चोरीको आरोपमा तीन दर्जनलाई समातिसकेको छ ।



प्रहरी उपरीक्षक विश्वराज खड्काले विभिन्न स्थानबाट चोरीको घटनामा संलग्न ३२ जनालाई नियन्त्रणमा लिइएको जानकारी दिए । बिहीबार प्रहरी उपरीक्षक खड्काले पत्रकार सम्मेलन गरी चोरीको आरोपमा पक्राउ परेकामाथि सार्वजनिक तथा अभद्र मुद्दामा म्याद थप गरी अनुसन्धान अघि बढाइएको बताए ।
उनले चोरहरुलाई समात्न जिल्लाभरमा प्रहरी निरीक्षकको कमाण्डमा २५ जनाको प्रहरी टोली खटाइएकोसमेत बताए । भने, 'चोरलाई समात्न प्रहरी नै चोर बनेर पनि खटिएको छ ।'
उनले सानातिना चोरीको घटना वृद्धि भएको स्वीकार्दै भने, 'चोरीको घटनामा पीडित पक्षले आफ्नो सामग्री पाउन उजुरी मौखिक वा सामान्य उजुरी दिने र पछि चोर समातिएपछि पीडितले आफ्नो सामग्री लिई मुद्दा प्रक्रियाका लागि कारबाही प्रक्रिया अघि नबढाउँदा प्रहरीलाई समस्या भएको छ ।' उनले थपे, 'पीडित मुद्दा प्रक्रियामा नजाँदा चोरी घटनामा संलग्न रहेकाहरु उम्किने र पछि अदालतसम्म मुद्दा गएपछि विभिन्न कारणले प्रमाण अपुग हुँदा प्रहरी पछि हट्नु पर्ने अवस्था आउदा चोरहरुको मनोबल झनै वृद्धि भएको छ, चोरीका घटनाले निरन्तरता पाएको छ ।' प्रहरी उपरीक्षक खड्काले चोरीको आरोपमा पक्राउ परेकालाई सार्वजनिक मुद्दा वा अभद्र व्यवहारको मुद्दा लगाएर भए पनि कारबाही प्रक्रियामा लैजाने गरिएको बताए ।

### विभिन्न आरोपमा सात पक्राउ
जिल्ला प्रहरी कार्यालय धनुषाले विभिन्न चोरीको घटनामा संलग्न सात चोरलाई पक्राउ गरी पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको छ ।

### चोरी गरेर भाग्दा भाग्दै समातिए
धनुषा प्रहरीले चोरी गरेर भाग्दै गरेको अवस्थामा चोरीको आरोपमा एक जनालाई बुधबार विभिन्न सामग्रीसहित पक्राउ गरेको थियो । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-१६ स्थित कपिलेश्वर बस्ने ३५ वर्षीय रञ्जित दास यसरी पक्राउ परेका हुन् ।
बुधबार दिउँसो अन्दाजी साढे ४ बजे जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-९ बेल्हीस्थित बेचु साहको घरमा प्रवेश गरी दराजको ताल्चा तोडी सामान चोरी गरेर भाग्नेक्रममा स्थानीयको सहयोगमा वडा प्रहरी कार्यालय मुजेलियाबाट खटिएको प्रहरी टोलीले उनलाई नियन्त्रणमा लिएको धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेदप्रसाद गौतमले जानकारी दिए ।
चोरीको आरोपमा पक्राउ परेका दासले साहको घरबाट सुनको मंगलसुत्र २ थान, सुनको जन्तर १ थान, चाँदीको बाला ४ थान, चाँदीको बिछिया ८ थान, चाँदीको गिलास र चम्चा १/१ थान र चाँदीको ब्रासलेट १ थान चोरी गरेर भागिरहेका थिए ।
उनी प्रदेश-२-०२-००५ प ७९२६ नम्बरको मोटरसाइकलमा सवार भई भाग्नेक्रममा प्रहरीले पक्राउ परेका हुन् ।

### मोटरसाइकल चोरी
बिहीबार मध्यान्ह १२ बज जनकपुरधाम उपमहानगरपालिका-१६ पुलचोकबाट वडा नम्बर-१७ का २१ वर्षीय संजिव राम र क्षिरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगरका २८ वर्षीय इन्दल रामलाई प्रहरीले पक्राउ गरेको छ ।
ज.१२ प. ६६० नम्बरको मोटरसाइकल चोरी गरेर लगिरहेको अवस्थामा वडा प्रहरी कार्यालय रेल्वेबाट खटिएको प्रहरी टोलीले मोटरसाइकल र मास्टर किई दुई थानसहित उनीहरुलाई नियन्त्रणमा लिएको हो ।

### घरमा मान्छे नभएका बेला चोरी
वैशाख १७ गते राति अन्दाजी १ बजे संकटमोचन मन्दिरपछाडि रहेको मान्छे नभएको घरमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले एम्बुस थापेर बसिरहँदा २८ वर्षीय सलामद दर्जी र २३ वर्षीय मोहम्मद राजा खानलाई चोरीको आरोपमा पक्राउ गरेको थियो ।
घरको ताल्चा फुटाई घरभित्र प्रवेश गरी चोरी गर्ने क्रममा उनीहरूलाई घेराउ गरी प्रहरीले नियन्त्रणमा लिएको धनुषा प्रहरीका प्रवक्ता गौतमले बताए । यस घटनामा पनि चोरलाई समात्न प्रहरी नै चोर बन्नु परेको थियो ।

### चोरीको आरोपमा दुई नियन्त्रणमा
वैशाख २६ गते मंगलबार राति अन्दाजी १२ बजे घरको ताल्चा फोड्ने औजारसहित दुईजना पक्राउ परे । चोरीको आरोपमा पक्राउ पर्नेमा राजकुमार यादव र सोनु सहनी रहेको धनुषा प्रहरीले जनाएको छ । पक्राउ परेका उनीहरूको साथबाट हेक्साब्लेड १ थान, पिलास १ थान, फलामको रेन्चु ४ थान बरामद भएको धनुषा प्रहरीका प्रवक्ता गौतमले बताए । यता विभिन्न स्थानमा पक्राउ परेकामाथि जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको छ भने अधिकांश पक्राउ परेका आरोपितलाई पक्राउ गर्ने अभियानलाई तिव्रता दिइएको उनले बताए ।

## सरकार नेतृत्वमा लोसपाको दाबी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले मधेश प्रदेश सरकारमा लोसपा पनि सहभागी हुने बताएका छन् ।
बिहीबार जनकपुरधामस्थित विमानस्थलमा सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष ठाकुरले मधेश प्रदेश सरकार पुनगर्ठन हुदाँ अन्य दलसहित लोसपा पनि सहभागी हुने बताए ।
उनले मधेशप्रदेशसरकारको नेतृत्व लोसपाले नै पाउने दाबीसमेत गरे । उनले यस विषयमा पाँचदलीय गठबन्धनभित्र छलफल भइरहेको स्पष्ट पारे ।
अर्को प्रसंगमा अध्यक्ष ठाकुरले जनकपुरधामको भानुचोकस्थित भानु स्मारक बन्न लागेको भन्दै उनले मधेश आन्दोलनका प्रथम सहिद रमेश महतोको सालिक बनाउनुपर्ने बताए ।
अध्यक्ष ठाकुरले भने, 'मधेशमा आन्दोलन गरेका युवा तथा मधेशका जनताले अहिले पनि आन्दोलन गरेर नै त्यहाँ रमेश महतोको सालिक राख्न चाहेका छन् । त्यसमा लोसपाको सहयोग रहने छ ।'

## करोडौं लिएर उद्योगी बेपत्ता

**मधेशदृष्टि**
**रौतहट ।**
स्थानीय साहु महाजनसँगै एनआइसी एसिया बैंकबाट करोडौं रुपैयाँ लिएर उद्योगी विन्देश्वरी साह तेली बेपत्ता भएका छन् ।



स्थानीय कटहरिया नगरपालिका-५ घर भई गणेश चिउरा उद्योगका सञ्चालक साह स्थानीय र बैंकको समेत गरी झण्डै ५ करोड रुपैयाँ लिएर बेपत्ता भएका हुन् । गरुडा-कटहरिया सडकखण्ड अन्तर्गत जलैया चौक नजिकै झण्डै ४ वर्षदेखि चिउरा उद्योग सञ्चान गरेका उनले व्यापारमा घाटा लागेको भन्दै कैयौं व्यापारीसँग चर्को ब्याजमा करिब दुई करोड

- बाँकी पृष्ठ ३ मा

## शिक्षित युवा-किशोरपुस्तामा बढ्दै आत्महत्या

*'विद्यालय व्यवस्थापन समितिले एकजना विशेषज्ञ चिकित्सकको सहयोगमा विद्यार्थीलाई नियमित परामर्श दिन जरुरी'*

**सञ्जय मिश्रा**
**रौतहट ।**
पछिल्लो समय रौतहटको कटहरिया नगरपालिकामा विभिन्न विद्यालय तथा क्याम्पसमा अध्ययनरत छात्रछात्राले धमाधम आत्महत्या रोजिरहँदा अभिभावक गहिरो पीडामा परिरहेका छन् ।
कारण जेसुकै भए पनि शिक्षित युवा तथा किशोरकिशोरीले रोजिरहेको आत्महत्या विरकला बन्दैछ । कटहरिया-५ मा एउटै वडामा चार किशोरकिशोरीले आत्महत्या रोजेपछि अभिभावकका लागि ठूलो चिन्ताको बिषय बनेको छ । बिहीवार कटहरिया-५ का जयनाराण साहका २४ वर्षीय प्रदीप साह सोनारले घाँटीमा पासो लगाएर आत्महत्या गरे । घरमा कोही नरहेको अवस्थामा बिहान साढे ८ बजे घरमै सिलिङ पंखामा गम्छाको पासो लगाएर उनले आत्महत्या गरेको इलाका प्रहरी कार्यालय कटहरियाका असई परमेश्वर यादवले बताए ।
पछिल्लो केही समयदेखि मानसिक रोगको औषधी खाइरहेका प्रदीपको शव पोष्टमार्टमका लागि जिल्ला अस्पाताल गौर पठाइएको प्रहरीले जनाएको छ । उनको आत्महत्याको कारण खुल्न नसकेको तथा



घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । मावि कटहरियामा स्नातक तहमा अध्ययनरत प्रदीप पछिल्लो केही महिनादेखि एउटा निजी बोर्डिङमा शिक्षक पनि थिए ।
बिहीबार बिहान पढाएर घर फर्केलगत्तै उनले आत्महत्या गरेको सहकर्मीले बताए । यसअघि २ महिनाको अवधिमा कटहरिया-५ का नवल साह सोनारका १८ वर्षीय छोरा सागर, राजकमार साहकी छोरी १५ वर्षीया खुस्बु, सिकिन्द्र यादवकी छोरी ममताले घाँटीमा पासो लगाएर आत्महत्या गरे । उनीहरूको आत्महत्याको कारण खुल्नसकेको छैन ।
मावि कटहरियाका प्रधानाध्यापक सचिन्द्र यादव डिप्रेसन अर्थात मानसिक अवस्था ठीक नभएका कारण शिक्षित युवायुवती तथा किशोरकिशोरीले आत्महत्या गर्ने क्रम बढेको बताउँछन् । 'मावि तह तथा उच्च कक्षामा अध्ययनरत विद्यार्थीलाई विभिन्न कारणले डिप्रेसन हुनसक्छ,' उनले भने, 'यसरी डिप्रेसनको सिकार हुने जुन बर्गका युवायुवती, किशोरकिशोरी पनि आत्महत्या रोज्न सक्ने भएकाले अभिभावकले सन्तानको मनोदशा बुझ्न र गम्भीर हुन जरूरी भइसकेको छ ।'
पारिवारिक कलह, आर्थिक कठिनाइ, पठनपाठनमा समस्या तथा कतिपय छात्रछात्रा मायाप्रेमको चक्करमा परेर पनि डिप्रेसनको सिकार हुने गरेको पाइन्छ । डिप्रेसनको सिकार छात्रछात्रा सानो कुरामा पनि आत्महत्या गर्ने अवस्थामा पुगिरहेको प्रधानाध्यापक यादवले बताए ।
डिप्रेसनमा परेका छात्रछात्रा विद्यालय भन्दा घरपरिवारमा अवाञ्छित गतिविधि देखाउँछन् । गलत क्रियाकलाप देखिनासाथ अभिभावकले त्यस्ता विद्यार्थीको उपचार गराउन जरूरी छ ।
डिप्रेसनको सिकार विद्यार्थीको समयमा उपचार गराउन सके यस्ता घटनाबाट जोगाउन सकिन्छ ।
पछिल्लो समय विद्यार्थीमा देखिएको यस्तो गतिविधि नियन्त्रण गर्न विद्यालय व्यवस्थापन समितिले एकजना विशेषज्ञ चिकित्सकको सहयोगमा विद्यार्थीलाई नियमित परामर्श दिनसमेत जरुरी देखिएको छ । विद्यालय, क्याम्पसका विद्यार्थीमाई मानसिक रोग विषेशज्ञ चिकित्सकको सल्लाह दिन सकिए आत्महत्या न्यूनीकरण हुनसक्ने यादवले बताए ।



# कार्कीलाई रामा यादव स्मृति पत्रकारिता पुरस्कार

**मधेशदृष्टि**
**रौतहट ।**
गौरस्थित रेड टेलिभिजनकी संस्थापक स्वर्गीय रामादेवी यादवको पुण्यतिथिमा प्रदान गरिँदै आएको रामा यादव स्मृति पत्रकारिता पुरस्कार यसपटक प्राइम टेलिभिजनकी पत्रकार सिर्जना कार्कीलाई प्रदान गरिएको छ । रामा यादव स्मृति प्रतिष्ठानद्वारा टेलिभिजनको सभाहलमा आयोजित कार्यक्रममा आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादव र सिडियो धर्मेन्द्रकुमार मिश्रले संयुक्तरुपमा पुरस्कार र प्रमाणपत्र पत्रकार कार्कीलाई प्रदान गरे । रामा यादव स्मृति पत्रकारिता पुरस्कार २०७९ पोखराकी पत्रकार अनिषा जयन्ती श्रेष्ठलाई प्रदान गरिएको थियो।




२६ हजार ५ रुपैयाँ राशीको पत्रकारिता पुरस्कार स्वास्थ्य क्षेत्रमा कलम चलाउने महिला पत्रकारलाई प्रदान गरिँदै आएको प्रतिष्ठानका संयोजक जयप्रकाश यादवले बताए । कार्यक्रममा आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष यादवले कोरोनाकालमा समेत जोखिम मोलेर पत्रकारिता गर्दै कैयौं संचारकर्मीले ज्यान गुमाउनु परेको स्मरण गर्दै स्वास्थ्य क्षेत्र सुधारका निमित्त कलम चलाउने पत्रकारका लागि रामा यादव स्मृति पत्रकारिता पुरस्कार थप अवसर हुने बताए । सिडियो मिश्रले समाजमा चौथौ अंगको मान्यता पाएका पत्रकारको काँधमा जिम्मेवारी र चुनौती दुवै हुँदा सत्यतथ्य, बस्तुपरक समाचार लेख्न आग्रह गरे ।
प्रतिष्ठानका संयोजक यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेपाल पत्रकार महासंघका मधेश प्रदेश सदस्य शैलेन्द्र झा, वरिष्ठ पत्रकार प्रभातकुमार झाले पत्रकारको समस्या र चुनौतीबारे बोलेका थिए । कार्यक्रममा रौतहट प्रहरी प्रमुख एसपी वीरबहादुर बुढा मगर, सशस्त्रका एसपी माधव रेग्मी, राष्ट्रिय अनुसन्धानका एसपी चन्दन झालगायतको उपस्थिति थियो । रेड टेलिभिजनकी संस्थापक रामा यादवको २०७८ वैशाख २८ गते कोरोनाबाट संक्रमित भएर उपचारक्रममा गौर अस्पतालमा निधन भएको थियो ।

# चार वटा वडामा चारथरीका तालिम


**मधेशदृष्टि**
**बारा ।**
जीतपुरसिमरा उपमहानगरपालिका स्थानीयस्तरमै रोजगारीको अवसर सिर्जना गरी युवालाई लघु उद्यमी बनाउने कार्यमा जुटेको छ ।
उपमहानगरपालिकाले गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत वडा नम्बर ५ मा ३२ दिने एडभान्स गार्मेन्ट फेब्रिकेटर तालिम, वडा नम्बर १२ मा सातदिने एड्भान्स अचार बनाउने तालिम, वडा नम्बर १७ मा कृषि तथा पशुपालनसम्बन्धी तालिम र वडा नम्बर १८ मा तीनदिने इन्टरलक ब्लक बनाउने तालिम गरिरहेको छ ।
तालिम उपमहानगरका उपप्रमुख भोलाप्रसाद अधिकारीले उद्घाटन गरे । उनले स्थानीयस्तरमै रोजगारीको अवसर सिर्जना गर्न जीतपुरसिमरा उपमहानगरपालिका लागिपरेको जानकारी दिए । उपमहानगरपालिकाले थोरै पुँजीबाट नै लघुउद्यमी बन्न सक्ने किसिमको ज्ञान, सिप प्रदान गरिरहेको बताए । जीतपुरसिमरा उपमहानगरपालिका आर्थिक अवस्था कमजोर सबैको अभिभावकत्व लिन तयार रहेको उनको भनाइ छ ।

# युनियनमा थपलिया

**मधेशदृष्टि**
**सर्लाही ।**
नेपाल प्रेस युनियन सर्लाहीको सातौँ अधिवेशनले कृष्णप्रसाद थपलियालाई अध्यक्ष चयन गरेको छ । समितिको उपाध्यक्षमा विनोद महतो, महिला उपाध्यक्षमा सिर्जना बस्नेत, सचिवमा रामबाबु खड्का, कोषाध्यक्षमा लभहरि ढुङ्गेल, सहसचिवमा अनिता साह, सदस्यहरूमा सुदर्शन रिजाल, रविन्द्र ठाकुर, मुकेश मिश्र, अम्बिका बुढाथोकी, कुमार दाहाल, मोहन उप्रेती, चाँदनी दास, उदय पाख्रिन, वर्ष झा, नवीन उप्रेती र अपर्णा मल्लिक निर्विरोध चयन भएका छन् ।

# राहदानीका लागि अनलाइन सुविधा

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटका सिडियो धर्मेन्द्र कुमार मिश्रले राहदानी लिन अनलाइन आवेदन फाराम भर्न आग्रह गरेका छन् ।
राहदानी लिने सर्वसाधारण कैयौँपटक बिचौलियाबाट ठगिदै आएको पाइएकाले जिल्ला प्रशासन कार्यालय रौतहटले अनलाइन आवेदन फारामको सुविधा दिएको सिडियो मिश्रले बताए ।
कार्यालय बाहिर कैयौं साइबर सञ्चालकले आवेदन फाराम भर्न बढी रकम लिएर सेवाग्राहीलाई ठग्दै आएको गुनासो बढेपछि सिडियो मिश्रको पहलमा जिल्ला प्रशासन कार्यालय रौतहटमा अनलाइन आवेदन फारामभर्ने व्यवस्थापन गरिएको नायब सुब्बा रामनरेश साहले जानकारी दिए । जेठ ८ गतेसम्म परीक्षण अवधि राखेर जेठ ९ गतेदेखि विधिवत रुपमा जिल्ला प्रशासन कार्यालयमै पासपोर्टका लागि आवेदन फाराम अनलाइनमा भर्ने व्यवस्था भइरहेको सिडियो मिश्रले बताए । अनलाइन फाराम भर्दा ग्रामीण भेगका सेवाग्राहीलाई सुविधा हुने तथा सहज ढंगबाट सेवा प्रदान गरिने सिडियो मिश्रले विश्वास दिलाए ।



# तत्मा समाजमा रामबाबुको नेतृत्व

**मधेशदृष्टि**
**रौतहट ।**
कटहरियास्थित विवाह भवनमा सम्पन्न राष्ट्रिय तत्मा समाज नेपालको सातौँ जिल्ला अधिवेशनले रामबाबु दास तत्मालाई जिल्ला अध्यक्षमा निर्वा( चत गरेको छ ।
बुधवार अबेर सम्पन्न अधिवेशनको बन्दसत्रले सर्वसम्मतिमा दासको संयोजकत्वमा ५१ सदस्यीय जिल्ला कमिटी चयन गरेको हो । समाजको जिल्ला सचिवमा उमेश कुमार दास, कोषाध्यक्षमा दहाउर दास, त्यसैगरी सदस्यहरुमा रामपुकार दास, नथुनी दास, सुखल दास सहित ५१ सदस्यीय कमिटी निर्वाचित भएको राजकुमार दासले बताए ।
राष्ट्रिय तत्मा समाज नेपालका अध्यक्ष राम आशिश दासको प्रमुख आतिथ्तामा सम्पन्न अधिवेसनमा झगरु दास, राजकुमार दास, सिकिन्द्र दास, रामबाबु दास, शंकर दास, रामईश्वर दासलगायतले जातीय हकहितबारे बोलेका थिए ।


# प्राध्यापक कापडीद्वारा जग्गादान

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सांस्कृतिक संग्रहालय निर्माणका लागि पूर्वप्राध्यापक परमेश्वर कापडीले चार कठ्ठा जग्गा दान गरेका छन् । धनुषाको हँसपुर नगरपालिका वडा नम्बर-२ स्थित बघचौडामा सांस्कृतिक संग्रहालय बनाउन प्राध्यापक कापडीले जग्गा दान गरेका हुन् ।
जग्गादाता दानपछि बिहीबार मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले सांस्कृतिक संग्रहालय निर्माणका लागि शिलान्यास गरे । संग्रहालय शिलान्यास गर्दै सभामुख मण्डलले सांस्कृतिक संग्रहालय



निर्माणले मिथिला क्षेत्रमा एउटा नयाँ आयाम थपिएको बताए । उनले संग्रहालय निर्माणपछि पर्यटकीय विकासमा टेवा पुग्ने भन्दै यसबाट आउँदो सन्ततिको अध्ययन अनुसन्धानका लागि पनि अर्थपूर्ण रहने बताए । निर्माण भएपछि सांस्कृतिक संग्रहालयमा मिथिलाका विभिन्न भेषभूषा झल्काउने पहिरन, मिथिला क्षेत्रमा लोप हुँदै गएका विभिन्न सरसामग्रीः ठेकी, बैलगाडा, पालकी, महफा, खरखरिया, करिन, माटोका भाँडाकुँडालगायत राखिने जनाइएको छ । शिलान्यासमा मधेश प्रदेशसभा सदस्य माला कर्ण, हँसपुर नगरपालिका वडा नम्बर-२ का वडाध्यक्ष जयनारायण कापडीलगायतका उपस्थिति थियो ।

# नि:शुल्क आँखा शिविरमा १ सय ८६ को उपचार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विश्व रेडक्रस दिवसको अवसरमा नेपाल रेडक्रस सोसाइटी उपशाखा धवौली नेमुवाटोलले नि:शुल्क आँखा शिविर गरेको छ ।
सहिदनगर नगरपालिका वडा नम्बर-७ का वडाअध्यक्ष महेश्वर मण्डलले एकदिवसीय नि( :शुल्क आँखा शिविरमा १ सय ८५ जनाको उपचार भएको बताए । शिविर नेपाल रेडक्रस सोसाइटी उपशाखाको सक्रियतामा भएको हो ।
आँखा शिविरमा ४५ मोतियाबिन्दु अपरेसन, औषधी, चश्मा, बासका लागि जानकी आँखा अस्पतालमा रिफर गरिएको उपशाखाका धवौली नेमुवाटोलका सभापति जनार्दन मण्डलले बताए ।
शिविरमा नेत्र अधिकृत विनोद सहनोगिमा, प्राविधिक सहयागी संजय मण्डल र जितेन्द्र साहको सहयोग तथा उपशाखा अध्यक्ष मण्डल, कोषाध्यक्ष मदन यादव, सचिव राजकुमार मण्डल, किशोरी मण्डल, जगन्नाथ मण्डल, हीरा मण्डल, गुरुदयाल, दास, निर्गुण दास, रामकुमार मण्डल, रामाशिष यादव, केशव मण्डल, समसुल साफी लगायतका सक्रियता रहेको उपशाखाका कार्य समितिका सदस्य नागेश्वर मण्डलले जानकारी दिए ।

# नि:शुल्क कोचिङ कक्षा सञ्चालन



**राजनकुमार बानियाँ**
**पर्सा ।**
धोबिनी गाउँपालिका वडा नम्बर ४ लंगडीस्थित कालीप्रसाद लाखे माध्यमिक विद्यालयमा नि:शुल्क ट्यूसन कोचिङ कक्षा सञ्चालन भएको छ ।
वडा नम्बर ४ का वडाध्यक्ष अबास मियाँले ट्यूसन कोचिङ कक्षा उद्घाटन गरे । नि:शुल्क ट्युसन कक्षा सञ्चालनबाट दलित, गरिबलगायत कक्षा ६ देखि कक्षा १० सम्मका विद्यार्थीलाई सहयोग पुग्ने उनले बताए । कार्यक्रममा प्रधानाध्यापक मदन साह, शिक्षक कृष्णमुरारी साह, सुरेन्द्र चौहान, नारायण फुयाल, हरिओम पटेल, रामनरेश प्रसाद, जवाहर पटेल, महम्द रेयाज, मेराज आलम, दीपेन्द्र यादवलगायतको सहभागिता थियो ।

# ‘प्रदेश नम्बर-२ होइन, मधेश सरकार’

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले विभिन्न ऐन तथा प्रस्तावलाई स्वीकृत गरेको छ । बिहीबार बसेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् बैठकबाट स्थानीय सेवा सञ्चालनसम्बन्धी ऐन स्वीकृत गर्नुका साथै अर्थ मन्त्रालयको तर्फबाट पेस गरिएको प्रदेश सार्वजनिक खरिद नियमावली संशोधनसम्बन्धी प्रस्तावसमेत पारित गरिएको छ । मधेश प्रदेश सरकारका प्रवक्ता अर्थमन्त्री संजयकुमार यादवले मन्त्रिपरिषद् बैठकबाट महिला, बालबालिका युवा तथा खेलकुद मन्त्रालयको प्रदेश युवा परिषद् तर्जुमासम्बन्धी ऐनका लागि सैद्धान्तिक सहमति प्रदान गरिएको बताए । प्रवक्तासमेत रहेका अर्थमन्त्री यादवले प्रदेश बालिका संरक्षण सम्बन्धीऐन स्वीकृत गर्नुका साथै प्रदेश बालअधिकार ऐन २०७७ लाई संशोधन गर्ने प्रस्ताव स्वीकृत गरिएको बताए ।
भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको सवारी तथा यातायात व्यवस्था विधेयक २०८० लाई स्वीकृत गरिएको उनले बताए । त्यसैगरी, ‘प्रदेश नम्बर-२’ भने शब्दावलीमाथि गम्भीरतापूर्वक ध्यान दिदैं त्यसलाई परिमार्जन गरी ‘मधेश सरकार’ हुने गरी बैठकले कडाईका साथ अघि बढ्ने निर्णय गरिएको उनले बताए ।

## राशिफल

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । परिवारमा सुख सन्तोष छाउला । नयाँ ज्ञान सिक्ने मौका पनि मिल्नेछ ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
आज यात्रामा मालसामान हराउने र मनमा निराशा आउला । प्रेममा मनमुटाव पनि आउन सक्छ, तर साँझमा यात्राको योजना बन्नेछ ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ । रमणीय र सुखद् यात्राको योग छ ।

आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक र राजनैतिक कार्यमा बढी सफलता मिल्नेछ ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज धनार्जनका स्रोतहरू पत्ता लाग्नेछन् । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । वित्तिय संस्थाबाट सहयोग पनि पाइनेछ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज लाभदायक यात्रा रहला । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
मनमा दुबिधा उत्पन्न हुनेछ । अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । आर्थिक कारोबारमा मन्दी आउनेछ, आफन्तबाट सहयोग चैं मिल्ला ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज गरेको कार्यमा सफलता मिल्नेछ । शैक्षिक र वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज सुखदुःख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्नु । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज मनमा शान्ति छाउनेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । नसोचेको ठाउँबाट धनागम हुनेछ । नयाँ कामको थालनी पनि हुनेछ ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
साना तिना समस्यामा अल्झनुपर्नेछ । स्वास्थ्यमा समस्या आउला । अनावश्यक धन खर्च हुनेछ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज विद्या र बुद्धिको विकास हुनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१, | ५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

## गायत्री परिवारद्वारा यादव सम्मानित



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल गायत्री संस्थाका राष्ट्रिय अध्यक्ष अमरनाथ गुप्ताको नेतृत्वमा जसपाका राष्ट्रिय अध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री उपेन्द्र यादवलाई बिहीबार गायत्री सेवा सदनमा स्वागत गरिएको छ।

यादवलाई बारा-२ बाट चुनाव जितेको उपलक्ष्यमा सम्मान गरिएको हो।

कार्यक्रममा उनले सबैको सहयोगले चुनाव जितेको बताए।जसपा आफ्नो घोषणापत्रमा अडिग रहेको बताउँदै यादवले मधेशको विकास, मधेशीको समान अधिकार, नागरिकताको समस्या समाधानका लागि संसदमा आवाज उठाउने बताए। सम्मान कार्यक्रममा रामगोविन्द यादव, राजकुमार साह, श्यामप्रसाद साह लगायतको उपस्थिति थियो।

## ट्रष्टद्वारा सामुहिक विवाह

**मधेशदृष्टि**
**वीरगंज।**
रघुवीर राम मेमोरियल ट्रष्टले बिहीबार सामुहिक विवाह समारोह गरेको छ।

नवविवाहित वरबधुलाई बधाई तथा शुभकामना पनि दिइएको छ। यस्तो आदर्श विवाह निःशुल्क सम्पन्न हुने, एउटै मञ्चबाट विभिन्न समुदायको सहभागिताले सामाजिक भावना पनि बढ्ने बताइएको छ। कार्यक्रमले दाइजो प्रथाको कुरिती हटाउन सहयोग पुग्ने विश्वास गरिएको छ।

यस्तो विवाहले सामाजिक सद्भाव बढाउन पनि मदत गर्ने ठाकुरराम बहुमुखी क्याम्पसका प्राध्यापक डा. विश्वम्भर कुमार शर्माले बताए। उनले भने, 'यस्तो पुण्य कार्यमा सबैको साथ, सहयोग रहनुपर्छ।'

## भ्रष्टाचारका दोषीलाई कारबाही गर्न प्रदर्शन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नक्कली भुटानी शरणार्थी प्रकरणमा हाइप्रोफाइलसहितका व्यक्ति पक्राउ पर्न थालेपछि विभिन्न भ्रष्टाचारका फाइल खोल्न सरकारलाई दबाब दिँदै नेकपा (एकीकृत समाजवादी)ले जनकपुरधाममा प्रदर्शन गरेको छ।बिहीबार जनकपुरधाममा प्रदर्शन गर्दै विभिन्न भ्रष्टाचारमा संलग्न दोषीलाई अनुसन्धान गरी कारबाही माग गरिएको हो। एकीकृत समाजवादी जनकपुरधाम उपमहानगरपालिका संयोजक प्रशान्त अरविन्दको अगुवाइमा जनक चोक, शिव चोक, भानु चोकलगायतका स्थानमा प्रदर्शन गर्दै भ्रष्टाचारीलाई कारबाही माग गर्दै ऱ्याली निकालिएको हो।

## ६३ लाखको आयुर्वेदिक औषधी बरामद

**मधेशदृष्टि**
**सिरहा।**
भारतबाट ल्याइएको अवैध आयुर्वेदिक औषधी बरामद भएको छ। औषधीको मूल्य ६३ लाख रुपैयाँ भन्दा बढी भएको पाइएको छ। लहान नगरपालिका-६ घर भई वडा नम्बर १ बस्ने रवीन्द्रकुमार साहले भन्सार छलेर ल्याएको औषधी उनको घरबाट बरामद गरिएको जिल्ला प्रहरी कार्यालय, सिरहाले जनाएको छ।साहको घरको बरण्डाबाट औषधी बरामद भएको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक रवीन्द्रराज पाण्डेले जानकारी दिए।



## भारतीय युवकको विभत्स हत्या

**मधेशदृष्टि**
**सर्लाही।**
शरीरबाट टाउको अलग पारेर एक भारतीयको हत्या भएको छ। हरिपूर्वा-१ पथरा पुलभन्दा ५ सय मिटर पर झाडीमा बुधबार साँझ युवकको शव शरीरबाट टाउको अलग पारिएको अवस्थामा फेला परेको हो। शव भारत, बिहार राज्यस्थित सितामढी ग्रामपञ्चायत सोनबरसा-९ का सिकु भनिने २८ वर्षीय शेखर सुमनको रहेको प्रहरीले जानकारी दिएको छ। सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक (डिएसपी) कैलास राईका अनुसार युवकको घाँटी पूर्णरुपमा छिनाएर टाउको र शरीर २०-२५ मिटरको दूरीमा फालिएको अवस्थामा फेला परेको हो। घटनाबारे अनुसन्धान भइरहेको छ।

## सखुवानन्कारकट्टीमा आगलागी

**मधेशदृष्टि**
**सिरहा।**
सखुवानन्कारकट्टीमा आगलागी हुँदा घरसहित धनमाल जलेर नष्ट भएको छ।

सखुवानन्कारकट्टी गाउँपालिका वडा नम्बर- ५ कल्याणपुर टोलमा बिहीबार बिहान भएको आगलागीमा आठ लाख रुपैयाँ बराबरको अन्नपात तथा धनमाल जलेर नष्ट भएको हो।

सबुरी यादवको फुसको भान्सा घरबाट बिहान अन्दाजी साढे ९ बजे एक्कासी सुरु भएको आगलगीबाट चार वटा घर र घरमा रहेको गहुँ, धानलगायतका अन्नपात र लत्ताकपडा, नगद र सुनचाँदी सहितका सामग्री जलेर नष्ट भएको हो।

सबुरीको भान्साघरबाट सुरु भएको आगलगी विसुन यादव, चन्दर यादव, रामअशिष यादवको घरमा सल्किएको थियो।

लहान नगरपालिकाको बारुण यन्त्र, स्थानीय तथा सिरहा प्रहरीले १ घण्टामा आगो नियन्त्रणमा लिएको थियो। यस्तै, बुधबार सुखिपुर-३ मा एक घर तथा किराना पसल र मंगलबार गोलबजार नगरपालिका-४ स्थित चिया तथा नास्ता पसल र किराना पसलमा आगलागी भएको थियो।

## एमाले केन्द्रीय कमिटी बैठक : विभिन्न प्रतिवेदन पेस

**रासस**
**काठमाडौँ।**
नेकपा एमालेको जारी केन्द्रीय कमिटीको पहिलो दिनको बैठक सम्पन्न भएको छ। एमाले प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले पहिलो दिन चार निकाय र नौ प्रदेश कमिटी (दुई गैरभौगोलिक)ले 'मिसन ग्रासरुट' अभियानको समीक्षा प्रतिवेदन पेस गरेको जानकारी दिएका छन्। बैठकमा पार्टी अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन पेस गरेका छन्। केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष अमृतकुमार बोहरा, केन्द्रीय अनुशासन आयोगका अध्यक्ष केशव बडाल, लेखा आयोगका अध्यक्ष डा पुष्प कँडेल र निर्वाचन आयोगका अध्यक्ष डा. विजय सुब्बाले प्रतिवेदन पेस गरेका हुन्।



यस्तै, अभियानको समीक्षा प्रतिवेदन अभियानमा खटिएका नेताहरूले पेस गरेका छन्। कोशी प्रदेशको राजेन्द्र गौतम, मधेस प्रदेश सचिव रघुवीर महासेठ, बागमती प्रदेशको सचिव गोकर्ण विष्ट, गण्डकी प्रदेश सचिव पद्मा अर्याल, लुम्बनी प्रदेश सचिव छविलाल विश्वकर्मा, कर्णाली प्रदेश सचिव योगेश भट्टराई र सुदूरपश्चिम प्रदेशको सचिव लेखराज भट्टले अभियानको समीक्षा प्रतिवेदन पेस गरेका छन्। यस्तै, उपत्यका विशेष प्रदेशको समीक्षा प्रतिवेदन पोलिटब्यूरो सदस्य सुजिता शाक्य र सम्पर्क समन्वय समितिको प्रतिवेदन स्थायी कमिटी सदस्य लालबाबु पण्डितले प्रस्तुत गरे।

बिहीबार पेस गरिएका प्रतिवेदनमाथि भोलि बिहान ८ देखि १२ बजेसम्म आठ समूहमा छलफल हुने छ। सोही आठ समूहले निकालेको निष्कर्षलाई आधार मानेर प्रदेश कमिटी अध्यक्षले वार्षिक कार्ययोजना प्रस्तुत गर्ने नेता गुरुङले जानकारी दिए। भोलि (शुक्रबार) नै स्थायी कमिटी बैठकले समीक्षा प्रतिवेदनलाई आधार बनाएर वार्षिक कार्यक्रम बनाइने उनको भनाइ थियो। मिसन ग्रासरुट अभियानले पार्टीले उठाउने काम तथा नेता र जनताबीचको सम्बन्धलाई पुनःजागरण गर्ने काम गरेको उपमहासचिवसमेत रहनुभएका नेता गुरुङले जानकारी दिए। "अभियानले जुनरूपमा हाम्रो आचारण, व्यवहार शुद्ध हुनुपर्दथ्यो त्यो नभएको पाइयो", उनले भने, "पार्टीभित्र शुद्धीकरण अभियान पनि सञ्चालन गर्नुपर्दछ। वार्षिक योजनामा समावेश गर्ने छौँ।" प्रचार विभाग उपप्रमुख गुरुङका अनुसार अभियानको सबभन्दा राम्रो प्रभाव लुम्बिनी, गण्डकी र कोशी प्रदेशमा देखिएको छ। ती प्रदेशमा अभियानका क्रममा ६० प्रतिशत सदस्य नवीकरण भएको उनले बताए। नवीकरण हुन बाँकी रहेका असार मसान्तसम्म हुने जनाइएको छ। पार्टीले गणपूरक संख्या नपुगेका तल्लोस्तरका कमिटीलाई अधिवेशन गर्नुपर्ने उनको भनाइ छ।युवालाई पार्टीमा सहभागी गराउनका लागि नयाँ शिराबाट अधिवेशन गर्ने बैठकले निष्कर्ष निकालेको जनाइएको छ। पार्टीको वैचारिक कामलाई व्यवस्थित गर्न पार्टी स्कुल विभागले तयार पारेको पाठ्यक्रम केन्द्रीय कमिटीदेखि तल्लो तहको कमिटीसम्म पठाउने निर्णय गरेको छ। पार्टी प्रवेश गरेकालाई जेठ मसान्तभित्र नवीकरण गर्ने र जेठ महिनाभित्र नै तल्लो कमिटीको सिफारिसमा जिम्मेवारी दिइनेछ। बैठकले यसअघि सचिवालय, स्थायी कमिटी र पोलिटब्यूरो बैठकले गरेका निर्णयको अनुमोदन गरेको छ। बैठक यही वैशाख ३० गतेसम्म चल्ने छ।

## गुरुको अन्तिम संस्कारमा चेलाको प्राण आहुति

**मधेशदृष्टि**
**जनकपुरधाम।**
गुरु-शिष्यको प्रेम र लगाव होस् त यस्तो भन्न पनि नमिल्ने, जहाँ चेलाको ज्यान गएको छ। तर गुरुप्रति श्रद्धा गर्दै चेलाले प्राण त्याग्ने यो सत्युग पनि होइन ! कलियुगमा पनि यस्तो हुँदोरहेछ। सिरहा, बरियारपट्टि-३ डरगम्मामा बाबाको अन्तिम संस्कार भइरहँदा चेलाले पनि चित्तामा हाम्फालेर प्राण त्यागेका छन्।

मंगलबार विष्णुजी बाबा भनेर चिनिएका महाराजको निधनपछि उनलाई अन्तिम संस्कार गर्नक्रममा यस्तो भएको हो। १ सय २२ वर्षीय बाबाको निधनपछि अन्तिम संस्कार भइरहँदा उनका चेला स्थानीय एक युवकले चित्तामा कुदेर ज्यान दिए। कुटीमा बस्दै आएका शुद्ध सनातनी बाबाका चेला भारतीय हुन्। उनी पनि बाबासँगै कुटीमा बस्दै आएका सथए।

चित्तामा हाम्फाले लगत्तै उनको ज्यान गएको प्रत्यक्षदर्शी मलामीहरुले बताए। चिताबाट निकाल्न खोज्दा उनको निधन भइसकेकाले उनको पनि मलामीले अन्तिम संस्कार गरेर फर्किए।

## वैदेशिक रोजगार मेला आयोजना गर्ने तयारी

**रासस**
**काठमाडौँ।**
वैदेशिक रोजगार बोर्डको सचिवालयले वैदेशिक रोजगारीमा जानेका लागि नयाँ श्रम गन्तव्यको खोजी गर्ने विषयमा छलफल सुरु गरेको छ।

बोर्ड सचिवालय र नेपाल वैदेशिक रोजगार व्यवसायी संघबीच बिहीबार भएको छलफलले खाडी र मलेसियामा केन्द्रित श्रम बजारलाई युरोपलगायत मुलुकमा विस्तार गर्नका लागि वैदेशिक रोजगार मेला आयोजना गर्नु उपयुक्त हुने निष्कर्ष निकालेको छ। बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले अन्तर्राष्ट्रिय श्रम बजारको अध्ययन गर्ने गराउने र नयाँ अन्तर्राष्ट्रिय श्रम बजारको खोजी गर्ने गराउने वैदेशिक रोजगार ऐनमा भएको व्यवस्थाबमोजिम नयाँ श्रम गन्तव्य मुलुकको खोजी गर्न लागिएको जानकारी दिए।

प्रत्येक वर्ष झण्डै पाँच लाखको हाराहारीमा नेपाली श्रम शक्ति वैदेशिक रोजगारीमा जाने गरेको वर्तमान अवस्थामा युरोप, क्यानडालगायत मुलुकमा रोजगारीको दायरा विस्तार गर्न आवश्यक रहेको उनको भनाइ छ। बोर्डका निर्देशक सीता दुवाडीले नेपाली श्रमिकका लागि श्रमको नयाँ क्षेत्र र मुलुकको खोजी भइरहेको जानकारी दिए। नयाँ क्षेत्र पहिचानका लागि युरोपेली मुलुकमा रहेका दूतावास, गैरआवासीय नेपाली र सरोकारवाला पक्षसँग छलफल गरिने उनले बताए।

वैदेशिक रोजगार व्यवसायी सङ्घका अध्यक्ष राजेन्द्र भण्डारीले परम्परागतरूपमा खाडी मुलुकमा जाने ८० प्रतिशत श्रम शक्तिलाई नयाँ गन्तव्य मुलुकमा 'सिफ्ट' गर्न आवश्यक रहेको बताए।

उनले पूर्वी युरोपलगायत मुलुकमा ठूलो संख्यामा जान सुरु गरेका नेपाली श्रमिकलाई संस्थागत रूपले पठाउने सवालमा द्विपक्षीय सम्बन्ध विस्तारमा सरकारले जोड दिनुपर्ने धारणा राखेका छन्।

## राप्रपाको केन्द्रीय कार्यसमितिको बैठक आह्वान

**रासस**
**काठमाडौँ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले केन्द्रीय कार्यसमितिको पूर्ण बैठक आह्वान गरेको छ। आगामी जेठ १, २ र ३ गते काठमाडौँमा बस्ने गरी केन्द्रीय कार्यसमितिको पूर्ण बैठक आह्वान गरिएको पार्टीका प्रवक्ता एवं प्रचार विभाग प्रमुख मोहनकुमार श्रेष्ठले जानकारी दिएको छ। उनका अनुसार उक्त बैठकमा अध्यक्ष राजेन्द्र लिङ्देनले समसामयिक राजनीतिक परिस्थिति र भावि कार्यदिशासम्बन्धी राजनीतिक प्रतिवेदन पेस गर्नु हुनेछ भने पार्टीका वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्रले पार्टीको भावि रणनीति र कार्यनीतिसम्बन्धी कार्ययोजना पेस गर्ने कार्यक्रम तय भएको छ।यसैगरी सचिवालय प्रमुख हेमजङ गुरुङले सचिवालयसम्बन्धी र कोषाध्यक्ष नीलकण्ठ काफ्लेले आर्थिक प्रतिवेदन पेस गर्ने कार्यक्रम रहेको जनाइएको छ।

### करोडौँ लिएर ..........

रुपैयाँ लिएका थिए।

३० देखि ४८ प्रतिशत ब्याजमा उद्योगी विन्देश्वरीले कटहरियादेखि गरुडासम्मका १ दर्जन व्यापारीसँग झण्डै दुई करोड रुपैयाँ लिएर उद्योग सञ्चालन गर्दै आएको स्थानीय रामबाबु साह कलवारले बताए। गल्ला व्यापारी कलवारका अनुसार लामो समयदेखि उद्योगी साहले पटकपटक उधारोमा धान खरिद गरी लैजाने र भुक्तानी दिने गरेका थिए। यसैक्रममा चिउरा उद्योगमा ठूलो लगानी गर्नुपर्ने भन्दै आफूसँग ब्याज तिर्नेगरी केही महिनाअघि ८ लाख रुपैयाँ लगेको र समय समयमा ब्याज बुझाउँदै आएको उनले बताए। देशमा विद्यमान आर्थिक तरलतासँगै उद्योगी विन्देश्वरीको व्यापार कम भएको अनुमान गरेर पछिल्लो समय अन्य व्यापारीले उनलाई ठूलो कर्जा दिन मानेका थिएनन्। वैशाख १३ गते एनआइसी एसिया बैंक गौरले गणेश चिउरा उद्योगलाई एकैपटक ३ करोड रुपैयाँ लगानी गरेको व्यापारी कलवारले बताए। घाटामा गइरहेको उद्योगको मूल्याङ्कन नगरी एनआइसी गौरका प्रबन्धक विशाल शर्माले रकम लगानी गरेको व्यापारीहरुको आरोप छ। ठूलो कर्जा लगानीबारे स्थानीयलाई केहीदिन अघि मात्र थाहा भएको थियो। लगानीसँगै उद्योगी साहले सम्पूर्ण रुपैयाँ निकासा गरेर फरार भएको अर्का व्यापारी धिरज साहले बताए।

बजारमा चर्चा चलेपछि लगानीकर्ताले खोजतलास गर्दा उद्योगी सपरिवार बेपत्ता भएको पाइएको हो। एकसाता अघिसम्म उद्योगी सपरिवार भारत बागेश्वर तीर्थधाम गएको चर्चा चलेको थियो। तर लगानीकर्ताले चौतर्फी खोजतलास गर्दा उनको कुनै सुराक नपाइएको हो। बिहीवार व्यापारी कलवार विन्देश्वरीको ससुराली बारा पिपरपाती जाँदा त्यहाँ एनआइसी एसिया बैंक गौरका कर्मचारीसमेत पुगेको तर कुनै सुराक नलागेको बताए। उता एनआइसी एसिया बैंक गौरका प्रबंधक शर्मासँग पटकपटक सम्पर्क गर्नखोज्दा उनले मोबाईल रिसिभ गरेनन्।



## सम्पादकीय

# चोरी, संदिग्ध चोर र चर्तिकला

धनुषामा चोरी बढेको छ। संयोग नै मानौँ कि, नयाँ प्रहरी प्रमुख आएकै दिन चोरी भएछ। बिहीबार धनुषा प्रहरीले चोरीका घटनाबारे जानकारी दिन पत्रकार सम्मेलन पनि गरेको छ। थरिथरीका चोरहरुको प्रकृति र प्रवृत्तिबारे प्रहरीले जानकारी दिएको छ। अर्कातर्फ चोर समात्न धनुषामा कतिपय ठाउँमा प्रहरी पनि ‘ चोरकै भेषमा’ परिचालन भएको प्रहरीले बताएको छ। प्रहरी निरीक्षकको कमाण्डमा चोर समात्ने अभियान चलिरहेको छ।

यो अभियानमा प्रहरीले धेरै चोरलाई नियन्त्रणमा पनि लिएको छ। प्रहरीले गरेको कामको प्रशंसा पनि गर्नुपर्छ कि प्रहरी चोर समात्न सक्रिय छ। यसका लागि उसले आफ्ना अवयव सञ्चालन गरेको छ। यस्तो काममा नागरिकले साथ दिन जरुरी छ। तर चोरीका सामान र उजुरीसँगै चोरको हुलियासँग नजिक पुगेर पनि प्रहरीले एउटा घटनालाई भने बाहिर ल्याएको छैन। त्यो घटनामा गृहमन्त्री नारायणकाजी श्रेष्ठले समेत धनुषाका प्रहरी उपरीक्षकलाई फोन गरेर जानकारी लिएका छन्। ‘ढाँटेको कुरा काट्न मिल्दैन’ भने झैँ सारा हुलिया, पात्र र चरित्र मिल्दा पनि प्रहरीलाई घटनामा प्राविधिक कारण सफलता नमिलेको पाइएको छ।

यद्यपि ससाना चोरीका घटनामा समेत गृहमन्त्रीसम्म उजुरी पुग्दा नागरिकको सरकारसँग पहुँच त बढ्यो होला। प्रहरीलाई भने यसले दिने अनावश्यक दबाब र तनाव मात्रै हो। प्रभावमा पारेर न्याय लिनु पनि अन्याय हो, दिनु पनि अन्याय हो। यसैले प्रहरीलाई सुक्ष्म अनुसन्धान गर्न दिनु पर्छ। अर्कोतिर सामाजिक सञ्जाल टिकटकले कयौँ दशी प्रमाण पनि देखाउँछ। काठमाडौँ सरस्वतीनगरको हत्या प्रकरणमा पनि अभियुक्तले सिक्री लुट्ने योजना बनाएको पाइएको थियो। टिकटकमा भिडियो हाल्ने, गहना देखाउने क्रमले चोर, लुटेरा हत्यासम्म गर्न तम्सिएको पाइन्छ। त्यसैले सामाजिक सञ्जालमा गहना देखाउने कार्य उचित होइन भन्ने सन्देश काठमाडौँ सरस्वतीनगर प्रकरणले दिएकै थियो।

जनकपुरमा पनि प्रहरीले बाहिर नल्याएको घटनामा टिकटक प्रकरण जोडिएको छ। ढिलो चाँडो प्रहरीले यो कुरा बाहिर ल्याउने अपेक्षा गरिएको छ। टिकटकमा राखिएको भिडियो र भिडियोमा देखिएको ‘जिनिस’ले ‘स्याल कराउनु र कुखुरा हराउनु’को संयोग त मिल्यो। तर टिकटकबाट भिडियो हटेपछि पनि प्रहरीले अनुसन्धानलाई पीडित र पीडकको नजरबाट अनुसन्धान जारी राखेको छ। एउटा गजबको प्रकरणमा धनुषा प्रहरी बोल्न पनि सकेको छैन, नबोली पनि अब बस्न सक्ने अवस्थामा छैन।

कामना गरौँ, प्रहरीले घटनामा सफलता पाउने छ। कैयौँ घटनामा प्रहरीले म्याद नाघेका कारण पनि समयमा न्याय दिन सक्दैन। कैयौँ घटनामा प्रमाणहरु नजिक पुग्दा पनि प्रहरी सफल हुँदैन। प्रहरीको यो दुर्भाग्य पनि हो कि, नेपालको कानुन, व्यवस्था नै यस्तै छ। यद्यपि प्रहरीको काम न्याय दिनु हो। न्याय दिने बहानामा अनावश्यक यातना, तनाव र दबाब चैँ दिनु हुन्न।

‘एउटाले बिराउने, शाखा पिराउने’ पनि हुन्छ कहिलेकहीँ। न्याय माग्नेले दिने दबाब भन्दा अन्याय गर्नेले देखाउने प्रभाव पनि कहिलेकहीँ गजबले बलियो भइदिन्छ। यसको अनुभव धनुषा प्रहरीले मजासँग अनुभव गरिरहेको र अनुभूति भोगेकै छ। घटनाको मसिनो अनुसन्धानपछिको नतिजा पक्कै मीठो हुने अपेक्षा छ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# मिथिलाको छुट्टै पहिचान पान

*पानको सांस्कृतिक महत्व र खाने परम्परा भारतमा बढी भए पनि यसको उत्पत्ति स्थल भारत नभएको खाना वैज्ञानिक तथा इतिहासकार के.टी. आचार्यले अ हिस्टोरिकल डिक्सनरी अफ इन्डियन फुड किताबमा उल्लेख गरेका छन्। उनका अनुसार पानको उत्पत्ति स्थल दक्षिणपूर्वी एसियाली क्षेत्र हो। पानको प्रयोग हामीकहाँ उपचारमा समेत गरिन्थ्यो।*



**– वीरेन्द्र रमण**

“ *पानको धार्मिक महत्वसँगै सांस्कृतिक महत्व पनि उत्तिकै छ। कुनै कन्याको सौन्दर्यको वर्णन गरिँदा उनको पातलो ओठलाई ‘पानजस्तो पातलो ओठ’ भनेर तारिफ गरिन्छ। वात्स्यायनको कामसूत्रमा पान खाने सन्दर्भलाई १६ शृङ्गारमध्ये एक मानिएको छ। परापूर्वकालमा महिलाले मात्र पान खाने गरेको प्रसङ्गसमेत त्यसमा उल्लेख भएको पाइन्छ। आयुर्वेद चिकित्साका पिता भनेर मानिने धन्वन्तरीले पानमा १०५ गुण हुने बताएका छन्।*

मिथिलामा कुनैपनि प्रकारको पूजा होस् वा भोजको आयोजना पानको धेरै महत्व हुने गरेको छ। मिथिलामा भोजन पछि पानको अनिवार्यता नै मान्ने गरिन्छ। मिथिलामा पान बिना कुनैपनि पुजा हुनै सक्दैन भने भोज पछि पान बिना यसको सफलता मानिनन। त्यसकारणले मिथिलामा पानको अत्याधिक महत्व छ। मिथिलाको सानो ठुलो हरेक सहरमा पानको पसल रहेको छ। यो खानाको वैभवतालाई समेत दर्साउने गरेको छ। मिथिलाको पहिचान नै अहिले पान भएको छ। मिथिलामा आउने जो कोहीपनि पान पसलमा गएर पान सेवन गर्ने गरेका छन्।

एउटा मिथिलाका अभिन्न अंग जस्तै बनेको छ। मिथिलामा पानको प्रयोगको वर्णन शताब्दीयौं पुरानो हो। वैदिक काल, बुद्ध काल, मुस्लिम शासनमा मिथिलाका राजाहरूको शासनकालमा यसको प्रयोग भएको चर्चा पाइन्छ। मिथिलामा प्रचलित रहेको विभिन्न लोक कथाहरुमा समेत पानको चर्चा गरिएको छ। मिथिलामा गोनु झाको कथामा पानको चर्चा विशेष रुपमा पाइन्छ।

- पग-पग पोखर माछ मखान,
- सरस बोल मुस्की मुख पान,
- ई थिक मिथिला केर पहचान।

मिथिला संस्कृतिमा सबै प्रकारको कार्यमा पान शुभ मानिन्छ, पुजा, तिहार, उपनयन, विवाह, पर्व र अन्य आध्यात्मिक कार्यमा पानको पात प्राचीनकाल देखि प्रयोग हुँदै आएको छ। यसबाहेक, विभिन्न रोगको निदानका लागि समेत पानको प्रयोग हुँदै आएको छ। मिथिलामा हुने गरिएको रहेक पुजामा भगवानलाई प्रसाद अर्पण गरिएपछि पान सुपारी समेत अर्पण गरिन्छ। यति मात्रै होइन विवाहको समयमा हुने महत्वपुर्ण विधान चुमाओनमा समेत पानको पातलाई राख्ने अनिवार्य मानिन्छ। त्यसैले यसको संस्कृति महत्व समेत मिथिलामा रहेको त्यसले दर्साउने गरिएको छ। पान बहूपयोगी लहरेदार बनस्पति हो। बहुउप( योगी लहरेदार वनस्पति पानको महत्व धार्मिक तथा सांस्कृतिक पक्षसँग पनि जोडिएको छ।

पानको पातमा चुना, कत्था, सुपारीको टुक्रा, सौपलगायत विभिन्न प्रकारका सुगन्धित मसला हालेर खाने गरिन्छ। यो स्वादको लागि मात्र नभएर यसको पात औषधिको रुपमा पनि प्रयोग हुन्छ। पान खाने नेपाल, भारत लगायत दक्षिण-पूर्व एसियाको परम्परा रहेको छ। पान को पातमा चूना, कत्था, सुपारी को टुकडा, सौंफ एवं अन्य विभिन्न प्रकारका मसला सुगन्धित आदि हालेर खाने चलन रहेको छ। तर मिथिलामा यसको आफनो विशिष्ठता छ। पूजापाठमा पानको प्रयोग बढि गरिन्छ। हिन्दू धर्ममा पानको पातको धेरै महत्वपूर्ण स्थान छ। पानको प्रयोग शुभ कार्य र पूजामा गरिन्छ। संस्कृतमा ताम्बूल भनिन्छ। यो कुनै न कुनै रूपमा विभिन्न अनुष्ठानहरूमा प्रयोग गरिन्छ। स्कन्द पुराणमा पानको उल्लेख गरिएको छ। जस अनुसार समुन्द्र मन्थन गर्दा पानको प्रयोग गरिएको थियो।

पानको पातलाई विभिन्न देवी-देवताको वासस्थान मानिन्छ, त्यसैले पानको प्रयोग विभिन्न पूजाहरुमा गरिन्छ। धार्मिक ग्रन्थहरुमा अनुसार पानीको प्रयोगबाट पूजा गर्दा भगवान प्रसन्न हुन्छ भन्ने धार्मिक विश्वास रहेको छ। नवरात्रिमा पानको साथै गुलाबको फूल चढाउँदा देवी लक्ष्मी प्रसन्न हुन्छिन्। यसले जीवनमा पैसासँग सम्बन्धित समस्याहरू हटाउँछ। वैज्ञानिक रुपमा पान महत्वपूर्ण वानस्पति हो।

पान दक्षिण भारत र उत्तर पूर्वी भारतमा खुला ठाउँमा उब्जाउ गरिन्छ, किनभने पानलाई बढी ओस र कम घाम चाहिन्छ। उत्तरी र पूर्वी प्रान्तहरूमा, पान विशेष प्रकारका संरक्षकहरूमा उत्पादन गरिन्छ। यसलाई भिट वा बुरो भनिन्छ। पानका विभिन्न प्रजातिहरू रहेपनि वैज्ञानिक रूपमा पाँच प्रमुख प्रजातिहरू बंगला, मगही वा मगहिया, साँची, देशवारी, कपुरी र मिठा पत्ता भनेर चिनिन्छन्। संसारभर ९० थरीका पानको पात पाइने अध्ययनले देखाएको छ। तीमध्ये ४० थरीका पात भारतमा पाइन्छ। पानको सांस्कृतिक महत्व र खाने परम्परा भारतमा बढी भए पनि यसको उत्पत्ति स्थल भारत नभएको खाना वैज्ञानिक तथा इतिहासकार के.टी. आचार्यले अ हिस्टोरिकल डिक्सनरी अफ इन्डियन फुड किताबमा उल्लेख गरेका छन्। उनका अनुसार पानको उत्पत्ति स्थल दक्षिणपूर्वी एसियाली क्षेत्र हो।

पानको प्रयोग हामी कहा उपचारमा समेत गरिन्थ्यो। यसको चर्चा आर्युवेदमा विशेष रुपमा गरिएको छ। असह्य पीडा हटाउन पानको पात निकै फाइदाजनक हुन्छ। पानको पातको तेलमा नरिवलको तेल मिसाएर सेवन गर्दा कान दुख्ने र कानको दुखाई कम हुन्छ। कपाल झर्ने समस्यामा परेका मानिसहरूले पानको पातलाई काटेर नरिवलको तेलमा मिसाएर लगाएर तीनदेखि चार घण्टापछि स्याम्पुले कपाल धुने गर्छन्। यो प्रक्रियाले कपाल झर्ने समस्याबाट छुटकारा पाउन मद्दत गर्छ। छैठौं शताब्दीको हिन्दु ग्रन्थ स्कन्द पुराणमा पनि पानको पातको सन्दर्भ छ। कथाअनुसार देउता र दानवहरू अमरत्वका लागि अमृत प्राप्त गर्न समुद्र मन्थन गर्छन्।

समुद्र मन्थन गर्दा सागरको गर्भबाट विभिन्न सामग्री निस्कन थाल्छन्। त्यसैमध्ये पानको पात एक हो भन्ने भनाइ छ। लक्ष्मी पूजाको रात सबैलाई पान खान आग्रह गरिन्छ। पानको पातको रातोपन देवीलाई प्रिय हुने र उहाँको आशीर्वाद प्राप्त हुने जनविश्वास छ। भरदुतिया पर्वमा पानको पात भाइको हातमा राखी पूजा गर्ने चलन छ। विवाहमा वर-वधुलाई मायाका रूपमा पान खान दिने चलन पनि छ। यसबाट परस्परमा मायाको अभिवृद्धि हुने जनविश्वास छ। पान मिथिला क्षेत्रमा अति पवित्र मानिएको पाइन्छ। यस क्षेत्रमा प्रत्येक पूजा-प्रतिष्ठा, यज्ञ-अनुष्ठान, व्रत, पर्व, शुभाशुभ सांस्कारिक एवं देव-पितृ कार्य इत्यादिका अवसरमा पानको पातको आवश्यकता पर्ने गर्दछ। मिथिला क्षेत्रको सुप्रसिद्ध तिथि कोजाग्रत पूर्णिमाका दिन मधुर, मखान तथा पान खाने प्रचलन रहेको छ। यसका साथै यस क्षेत्रमा प्राय ः आयोजना भइरहने भोजका अवसरमा पनि पान-सुपारी खुवाइने गरिन्छ। यसरी पान खाँदा यसमा अनेक प्रकारका मसाला, जर्दा, सुगन्धित वस्तु इत्यादि पनि मिसाइने गरिन्छन्।

पानको धार्मिक महत्वसँगै सांस्कृतिक महत्व पनि उत्तिकै छ। कुनै कन्याको सौन्दर्यको वर्णन गरिँदा उनको पातलो ओठलाई ‘पानजस्तो पातलो ओठ’ भनेर तारिफ गरिन्छ। वात्स्यायनको कामसूत्रमा पान खाने सन्दर्भलाई १६ शृङ्गारमध्ये एक मानिएको छ। परापूर्वकालमा महिलाले मात्र पान खाने गरेको प्रसङ्गसमेत त्यसमा उल्लेख भएको पाइन्छ।

आयुर्वेद चिकित्साका पिता भनेर मानिने धन्वन्तरीले पानमा १०५ गुण हुने बताएका छन्। उनका अनुसार खानपानपछिको पान अम्मल मात्र नभई पाचन क्रियाको सहयोगी हुन्छ। रुघाखोकी, सर्दी र रक्तविकारमा पानलाई उत्तम मानिन्छ। आयुर्वेदमा पानको गुण रक्तवर्द्धक, कफनाशक, बलवर्द्धक र रुचिकारक बताइएको छ।

पानको वर्णन महाभारत, भागवत् पुराण, विष्णु पुराण लगायत महाकाव्यमा पनि पाइन्छ। यसले पानको धार्मिक महत्व दर्शाउँछ। विशेष गरेर मिथिलामा कोजाग्रत पुर्णिमाका दिनमा पान खाने चलन छ यस दिनमा पान भगवानको मन्दिरहरुमा समेत विशेष रुपमा चढाउने गरिन्छ। मिथिलाको लोकगितमा समेत पानको चर्चा पाइन्छ। एउटा शृङ्गारिक लोकगीतमा पानको यसरी पनि चर्चा गरिएको छ–

- हँसी-हँसी पनमा खियौले बइमनमा
- कि अपने वसे रे परदेश
- गोरी रे चुनरियामे दगिया लगाइ गेले
- मारिके करेजबामे ठेस

मिथिलाको लोकगितमा समेत पानको वैभवलाई दर्साउने गरिएको छ। मिथिलामा जति प्रकारको पान हुन्छ त्यसको आफनो एतिहासिक पहिचान समेत जोडिएको छ। अर्थात् पान एउटा सेवन मात्रै गरिने हैन कि मिथिलाको ईतिहासको सम्बन्धलाई समेत दर्साउने गरिन्छ। मिथिलामा उपलब्ध पानहरुमा देशी, मगही, बनारसी, यँाची बंगला, कलकतिया र कलजोरिया नामक विशेष रुपमा प्रचलित रहेको छ। यसको स्वाद समेत आ आफनै हुनछ यसको विषेशता पनि आफनै हुन्छ तर यसले प्रचानीकालमा मिथिलाको सम्बन्धलाई दर्साउने गरिएको छ।

मिथिलामा प्रचलित रहेको पानसंग मिथिलाको भुभागको सम्बन्ध कुनै न कुनै रुपमा रहेको थियो।अर्थात् पान मिथिलाको भुमिमा नउब्जेपनि यसले मिथिलालाई आफनो सम्बन्धको आधारमा स्थान बनाएको देखिन्छ। अर्थात् मगही पानको मुलथलो मगध थियो जो कुनै समयमा प्रमुख व्यापारिक थलो थियो र मगध र मिथिलाको व्यापार हुँदै आएको थियो। जस मिथिला खानपानको शौकिन भएको कारणले विस्तारै त्यो मिथिलामा आएको स्वभाविक नै हो। बंगालसंग मिथिलाको सम्बन्धसमेत निकै प्राचीन रहेको छ। बंगालको विद्यार्थीहरु विद्या अध्ययनको लागि मिथिलामा आउने गरेका थिए।

त्यसैले मिथिला र बंगालको संस्कृति मिल्दोजुल्दो रहेको छ। बंगाल लिपि र मिथिलाको लिपिमा झट्ट हेर्दा समानता जस्तै देखिन्छ। खास गरेर मिथिला प्राचीन समेतमा न्याय शास्त्र अध्ययनको केन्द्रको रुपमा रहेको थियो। न्याय शास्त्र अध्ययनको लागि विद्यार्थीहरु मिथिला आउने गरेका थिए। त्यो बेला देखि नै बंगला पानको प्रचलन मिथिलामा बढेको हुन सक्ने देखिन्छ। किनभने सम्बन्धले व्यक्तिको सम्बन्धनलाई आदानप्रदान गर्दैन यसले खानपानको सम्बन्धलाई समेत विस्तार गर्ने गरेको हुन्छ। बंगालका बल्लाल सेन र लक्ष्मण सेनका शासन कालमा मिथिला बंगाल शासनको अधीनस्त भएको ईतिहास समेत रहेको छ। यसले मिथिलामा बंगाल पानको प्रचलन आएको तथ्यलाई नकार्न सकिनन।

मिथिलामा प्रचलित पान मध्ये वनारसी पान एक रहेको छ। यसले समेत यीनै तथ्यहरुलाई दर्शाउने गरिएको छ।

खास गरेर वाराणसी विश्वकै हिन्दुहरुको लागि आस्थाको केन्द्र प्राचीनकाल देखि नै थियो। पहिलो भगवान विश्वनाथको मन्दिर जसको दर्शनका लागि विश्वभरिका हिन्दुहरु पुग्ने गरेका छन् भने अर्को तर्फ वाराणसी विद्याअध्ययनको केन्द्र थियो। मिथिला र वाराणसीको सम्बन्ध दुवै प्रकारले थियो विद्या अध्ययन र दर्शनका लागि। यसले समेत मिथिला र वाराणसीको सम्बन्धलाई स्थापित गरेको छ।

मिथिलाबाट जाने विद्यार्थी र दर्शनार्थीहरुको कारणले मिथिलामा वाराणसी पानको आयात भएको विश्वास गरिन्छ। मिथिलाका प्रचलित रहेको पान मध्ये एउटा पानको सांची। यो ठाउ भारतको मध्य प्रदेशमा पर्छ। कुनै समयमा यो स्थान बौद्ध तिर्थस्थलको रुपमा प्रख्यात रहेको थियो। कुनै समयमा मिथिलामा समेत बौद्ध धर्मले आफनो प्रभुत्व स्थापित गरेको थियो। सांचीमा सम्राट अशोकद्वारा स्थापित स्तूप अहिलेपनि छ। यसले यस ठाउको वैभवतालाई दर्साउने गरिन्छ। बौद्ध धर्मका अनुयायीहरु विदेह राज्य हुँदै मगध सम्म पुग्न थालेपछि पान समेत यता आएको विश्वास गरिन्छ।

अर्कोतर्फ मध्ये प्रदेशमा रहेका विभिन्न राज्यहरुमा मैथिलहरुको प्रवेश भएको पाइन्छ। यसले समेत सांची र मिथिलाको सम्बन्धको रुपमा पानलाई लिने गरिन्छ। मैथिलहरु आआफनो घर आउदा संगै सांचीको पान लिएर आएर यसको नाउ नै ठाउको आधारमा राखेको होला भन्ने अनुमान लगाउन सकिन्छ। मिथिलामा पानको प्रचलन पौराणिक काल देखि नै हुँदै आएको तथ्यलाई नकार्न सकिनन। मिथिलामा आउने अतिथिहरुलाई विशेष रुपमा पानले स्वागत गरिन्थ्यो कतिपय ठाउमा चाँदीको आकर्षक पान राख्ने भाडो पनबट्टा राख्ने गरिन्थो।

मिथिलामा घरघरमा आउने अतिथिहरुलाई खाना पछि पान सुपारीले स्वागत गर्ने प्रचलन थियो। जो अहिलेपनि ग्रामीण भेगमा हेर्न सकिन्छ। यसले मिथिलाको वैभवतालाई दर्साउने गरिन्छ भने खानपानको एउटा हिस्साको रुपमा समेत रहेको छ। पानको प्रचलन आजदेखि हैन कि सदियौँदेखि चल्दै आएको छ।

# दूध उत्पादनको केन्द्र बनाउँदै बागमती प्रदेश

**नारायण अधिकारी**
**चितवन ।**




बागमती प्रदेशको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले प्रदेशलाई दूध उत्पादनको केन्द्र बनाउने योजना अघि सारेको छ। मन्त्रालयले प्रदेशभित्रका तराईका जिल्लामा ३० हजार लिटर दूध सङ्कलन क्षेत्र र पहाडमा पाँच हजार लिटर दूध सङ्कलन हुने क्षेत्रलाई समेटेर दूध 'जोन' बनाउन सुरु गरेको हो।

मन्त्रालयका सचिव डा शरण पाण्डेका अनुसार यस आर्थिक वर्षमा चितवन, काभ्रे र ललितपुरमा गरी पाँच जोन बनिसकेका छन् । चितवन र काभ्रेमा दुई/दुई जोन बनेका छन् भने ललितपुरमा एउटा बनेको छ। आगामी आवमा यो सङ्ख्यालाई बढाउँदै लैजाने मन्त्रालयको योजना छ। दूध जोन बनिसकेपछि सो क्षेत्रमा रोगविरुद्धको सुई दिने, पशु आहारको कार्यक्रम लैजाने, दूध उत्पादन वृद्धिका अन्य कार्यक्रम अघि सार्ने, प्राविधिक सेवा दिने, नश्ल सुधारका कार्यक्रम सञ्चालन गर्ने, व्यावसायिक ढङ्गबाट गोठ सुधारका कार्यक्रम गरिँदैछ।

जोनभित्र दूध कम आएका पशुलाई सुधार गर्न गाईभैंसी पुनःस्थापना केन्द्रसमेत बनाइँदैछ । ती पशुलाई उपचार गरेर पूर्ववत् अवस्थामा फर्काइ पुनःकिसानलाई दिइनेछ । चालु आवमा ढिलो गरी कार्यक्रम सुरु भएकाले एक करोड रुपैयाँको हाराहारी खर्च गरिँदै छ भने आउँदो वर्ष जोन थप्ने गरी बजेट विनियोजन गर्ने कार्यक्रम रहेको उनले जानकारी दिए।

पाण्डेका अनुसार नेपालमा वार्षिक २५ लाख मेट्रिकटन दूध उत्पादन हुँदै आएको छ । त्यसमध्ये बागमती प्रदेशमा छ लाख मेट्रिकटन दूध उत्पादन हुन्छ । एक जनालाई वार्षिक ९१ लिटर दूध आवश्यकपर्ने तथ्याङ्क छ । आत्मनिर्भर हुनेगरी दूध उत्पादन गर्न जोनको अवधारणा ल्याइएको उनले बताए।

जोनका लागि दूध नपुगेको अवस्थामा दूध बढाउने अन्य कार्यक्रम लगेर जोनमा परिणत गर्ने गरी प्रदेशले कार्यक्रम अघि सारेको उनी बताउँछन्। जोनभित्र एक/दुई पशु पाल्नेलाई एकीकृत गरी एकै ठाउँमा एकै व्यक्तिले हेर्नेगरी कम लागतमा दूध उत्पादन गर्न उत्प्रेरणासमेत यसै कार्यक्रममार्फत गरिँदैछ।

जोनभित्रका दक्ष र अनुभवी कृषक तथा साना किसानलाई सीप आदानप्रदान गर्नेगरी कार्यक्रम अघि सारिएको छ। अनुभवी किसानको फार्मलाई लाइभस्टक इपिसेन्टरका रुपमा विकास गर्ने योजना बनाइएको उन बताउँछन् । दूध जोनलाई विस्तार गर्दै लगेर समग्र प्रदेशलाई दूध उत्पादनको केन्द्रका रुपमा विकास गर्ने लक्ष्य लिइएको छ। पाण्डेले भने, 'किसान र हामी सँगसँगै दूध उत्पादन वृद्धि गर्न लाग्ने गरी जोनको विकास गर्दैछौँ ।'


मन्त्रालयद्वारा स्वीकृत पशुपक्षी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९ अन्तर्गत दूध जोन निर्धारण गरिएको हो । चितवनका भरतपुर महानगरपालिकाका आठ र रत्ननगर नगरपालिकाका ११ गरी १९ वडालाई दूध जोन निर्धारण गरिएको छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र चितवनका प्रमुख सुशील केसीका अनुसार भरतपुरका वडा नं १३, १४, १५, १६, २२, २१, ५ र ६ लाई समेटेर दूध जोन निर्धारण गरिएको छ। रत्ननगरका वडा नं ८, ९, १०, ११, १२, १३, १४, १५, १६, ३ र ५ लाई दूध जोन क्षेत्र तोकिएको छ।

जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगालेले दूध जोन कार्यक्रमले दूध उत्पादन वृद्धिमा सघाउने बताए । उनले किसानले माग गर्दै आएको कार्यक्रम प्रदेशले ल्याएको जनाउँदै यो कार्यक्रम प्रभावकारी हुने बताए। उनले भने, 'यो हाम्रो माग हो, यसले परिणाम दिन्छ, जुन विधि अपनाइएको छ, यो अत्यन्त राम्रो छ।' दूध उत्पादन वृद्धिका लागि महत्वपूर्ण हुने जनाउँदै उनले यसले साना किसानलाई व्यावसायिक बनाउन प्रेरणा दिने बताए।

यो कार्यक्रमसँगै बाच्छी हुर्काउने कार्यक्रम थप गर्न आफूहरुले माग गरेको उनले बताए । उनले भने, 'बाच्छी हुर्काउने कार्यक्रम भयो भने भारतबाट गाई आयात गर्नु पर्दैन ।' प्राविधिकको प्रत्यक्ष निगरानीमा जोन कार्यक्रम सञ्चालन भइरहेको भन्दै उनले यसबाट किसान प्रत्यक्ष लाभान्वित हुने बताए। चितवनमा दैनिक तीन लाख ५० हजार लिटर दूध उत्पादन हुँदै आएको छ। यो कार्यक्रमसँगै उत्पादन बढ्ने अपेक्षा किसानको छ।

# समस्याग्रस्त दुई सहकारीबाट बचतकर्ताको रकम फिर्ता

**रासस**
**काठमाडौँ ।**




सरकारले समस्याग्रस्त घोषणा गरेका १२ सहकारीमध्ये दुई सहकारीका सबै बचतकर्ताको रकम फिर्ता गरिएको छ।

सरकारले २०७५ साल असार १८ गते समस्याग्रस्त घोषणा गरेको कुवेर बचत तथा ऋण सहकारी संस्थाको पहिलो सूचनाअनुसार माग दाबी गर्ने सबै बचतकर्ताको पैसा पि(र्ता गरिएको सहकारी व्यवस्थापन समितिको कार्यालयका प्रमुख केशवप्रसाद पौडेलले राससलाई जानकारी दिए । सहकारीका सञ्चालक र ऋणीको बैंक खाता रोक्का गरेपछि आएको पैसाले बचतकर्ताको बचत फिर्ता गरिएको उनले बताए।

सरकारले विसं २०७५ असार १८ गते समस्याग्रस्त घोषणा गरेपछि जारी गरेको सूचनाअनुसार कुवेर सहकारीका १० बचतकर्ताले समितिसँग ८४ लाख रुपैयाँ बचत दाबी गरी निवेदन पेस गरेका थिए । ती सबैको बचत फिर्ता गरिएको हो । दश बचतकर्ताको वचत फिर्ता गरेपछि अन्य १२ बचतकर्ताले पनि रु ५० लाख माग दाबी गरी निवेदन पेस गरेका छन्।

यसअघि समितिले स्ट्याण्डर्ड मल्टिपर्पोज को-अपरेटिभ लिमिटेडका बचतकर्ताको पनि सबै बचत फिर्ता गरिएको जानकारी गराएको थियो। बाँकी रहेका १० समस्याग्रस्त सहकारीमध्ये ओरेन्टल कोअपरेटिभ लिमिटेडमा चार हजार तीन सय बचतकर्ताको पैसा फिर्ता गर्नुपर्ने अभिलेख रहेको छ । ओरेन्टलले बचतकर्तालाई तीन अर्ब ५० करोड रुपैयाँ बचत फिर्ता गर्नुपर्नेछ।

सरकारले समस्याग्रस्त घोषणा गरेका स्ट्याण्डर्ड सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेड, प्यासिफिक सेभिङ एण्ड इन्भेष्टमेन्ट कोअपरेटिभ लिमिटेड, प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेड, कोहिनुर हिल सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेड, कञ्जुमर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, चार्टर सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेड, भेगास बचत तथा ऋण सहकारी संस्था लिमिटेड, सोसाइटल बचत तथा ऋण सहकारी संस्था लिमिटेड र लुःनिभा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका बचतकर्ताको बचत फिर्ताका लागि पनि काम भइरहेको समितिका सदस्य सचिवसमेत रहेका कार्यालय प्रमुख पौडेलले बताए।

सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम सरकारले समस्याग्रस्त घोष(णा गरेका सहकारीको व्यवस्थापनका लागि समितिको गठन भएको हो । समितिले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत रही समस्याग्रस्त सहकारी व्यवस्थापनको काम गर्दै आएको छ।

# तातोपानी नाका आंशिक निर्यातमा सीमित

**रासस**
**चौतारा ।**




चीनसँगको छोटो दूरीको उत्तरी तातोपानी नाका वैशाख १८ मा नेपाली सामग्री बोकेका तीन कन्टेनर पठाउँदै निर्यात पूर्णरुपमा खुलेको भनिए पनि आंशिक निर्यातमा सीमित भएको छ।

निर्यात खोलिएलगत्तै चीनको मागअनुरुप सिगात्सेमा लैजान तयार पारिएका भाँडाकुडा, हस्तकलाका सामान बोकेका तीन कन्टेनरसमेत तातोपानी सुक्खा बन्दरगाहमा थन्किएका छन् ।

'निर्यात त ठप्प छ, त्यतिबेला नै तयार पारिएका सामग्रीको फारम भरेको पनि एक साता भयो, निर्यात खुल्नुको सट्टा उल्टै आयात भइरहेका कन्टेनर पनि दिनहुँ घट्दो क्रममा देखिन्छन्,' तातोपानी भन्सार कार्यालयका अधिकृत दयादन्द केसीले बताए । निर्यातका लागि खुलेपनि आंशिक भइरहेको उनको भनाइ छ।

अब नेपालीले निर्यातका लागि नेपालबाट खाद्यान्न जडिबुटीलगायत वस्तु मितेरी पुलको आधा भागसम्म पुऱ्याउन सक्नेछन् । 'मानिस आवातजावत तथा गाडी खासासम्म जाने कुरा होइन निकासी मात्रै हो', प्रमुख भन्सार अधिकृत केसीले भने । तातोपानी नाकाबाट पहिलेको जस्तो निर्यातका लागि नेपालीले पर्याप्त सामग्री उपलब्ध गराउन नसक्ने केसीको ठम्याइ छ।

उनका अनुसार पहिला खासासम्मका लागि खाद्यान्न तथा तरकारी र सतुवालगायत जडीबुटीसमेत निकासी हुँदा नेपालीलाई राम्रो आम्दानीको स्रोत थियो । त्यतिबेला मात्रै खासामा होटल सञ्चालनलगायत गतिविधिमा तिब्बतीयन बाहेक पाँच सय नेपाली स्थायी झैँ बसोबास गरेका थिए । तर खासा अहिले सुनसान छ । निकासी खुलेपनि नेपालबाट हस्ताकला सामग्री बाहेक अन्य वस्तु निर्यातको सम्भावना नभएको भन्सार अधिकृत केसी बताउँछन्।

अहिले नेपाली व्यापारीले खासाबाट सिल्क कम्पनीमार्फत नेपालतर्फ दैनिक ६/७ कन्टेनरमार्फत स्याउ, लसुन तथा लत्ताकपडा लगायत सामग्री मितेरी पुलसम्म ल्याउन पाउँछन् । बैठकमा व्यापारीले खासासम्म आफूहरु जान दिनुपर्ने चिनियाँ पक्षसँग माग गरेपनि उनीहरु सकरात्मक नभएको सिल्क कम्पनीका व्यवस्थापक विजय शेर्पा बताउँछन् ।

यसअघि स्याउ, लसुन, ऊन, रोल कपडा, जलविद्युत् आयोजनाका पाइपजस्ता ठूला भारका सामग्री तातोपानी नाकाबाट ल्याइने गरेको थियो। भन्सार यार्डमा 'क्यू सिस्टम'मा छ सयभन्दा बढी मजदुर सामान लोड-अनलोड गर्छन्।

चालु आर्थिक वर्षमा रु चार अर्ब ६२ करोड भन्सार राजस्व सङ्कलनको लक्ष्य लिइएकोमा अहिलेसम्म दुई अर्ब २० करोड रुपैयाँ उठेको छ। अहिले चीनले 'ट्रेड च्यानल'मा सामग्री पठाएकाले झन्झटिलो भएको स्थानीय व्यवसायी दोर्जे लामा बताउँछन्।

अहिले आउने कन्टेनरमा रड, स्याउ र लसुनजस्ता सामग्री छन्, यी सामान पनि चीनले 'ट्रेड च्यानल'मार्फत पठाउन थालेको छ। जसले गर्दा सम्पूर्ण सामग्री झारेर हेर्ने प्रक्रिया लामो हुन्छ। एक कन्टेनर सामग्री आउन एक महिनासम्म लाग्ने उनले बताए।

# स्थानीयले तहले बजार प्रवर्द्धनमा जोड दिनुपर्छ : मन्त्री

**रासस**
**महोत्तरी ।**



उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले स्थानीय तहले सीप विकास र बजार प्रवर्द्धनलाई कामको प्राथमिकतामा राख्न आग्रह गरेका छन् ।

विहीबार महोत्तरीको बर्दिबास नगर कार्यपालिकाका जनप्रतिनिधि र अगुवा राजनीतिक कार्यकर्तासँगको सामूहिक भेटमा मन्त्री रिजालले नगरका प्रत्येक बस्तीमा बजार बढाउन आग्रह गरे ।

बर्दिबास नगर कार्यपालिकाको कार्यालयकै सभाहलमा आयोजित भेटघाटमा उनले सीप बढाउन, स्थानीय सीपअनुसारको उत्पादन बढाउन र उत्पादित सामग्रीको बजार बढाउनसके समृद्धिको यात्राले गति लिने उल्लेख गरे ।

'जनतालाई सीपसँग, सीपलाई उत्पादनसँग र उत्पादित सामग्रीलाई बजारसँग जोडौँ' रिजालले भने, 'स्थानीय तहले यसको नेतृत्व लिउन्, सरकार सहयोग गर्न तत्पर छ ।' प्रत्येक स्थानीय तहमा अब औद्योगिक ग्रामको अवधारणाअनुसार कामअघि बढाउन सम्बद्ध जनप्रतिनिधिले योजना बनाउन आवश्यक रहेको रिजालको भनाइ छ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्यसमेत रहेका मन्त्री रिजालले अब दलहरुका नियमित साङ्गठनिक कामका योजनामा पनि जनताको जीवनस्तर उकास्ने स्पष्ट मार्गचित्र र तदनुरुपको काम देखिनपर्ने उल्लेख गरे।

'अब आर्जनको पाटोमा जनतालाई उत्प्रेरित गर्न दलहरुको प्रयत्न देखिनपर्छ' रिजालले भने, 'अहिलेसम्मका आन्दोलनका कारण जनताले राजनीतिक अधिकार पाएका छन्, अब समृद्धिका लागि उत्पादन र बजार बढाउन जरुरी छ।'

एक फरक प्रसङ्गमा मन्त्री रिजालले अहिले प्रहरीले अघि बढाएको नक्कली भुटानी शरणार्थी प्रकरणको कारबाहीमा सरकारी हस्तक्षेप नहुने स्पष्ट पारे । 'जतिसुकै उच्च ओहदाका भए पनि दोषी छन् भने कारबाही हुनपर्छ,' रिजालले भने, 'सरकारबाट यो अनुसन्धान कारबाहीमा हस्तक्षेप हुँदैन ।' भ्रष्टाचार मुलुकको समृद्धिको मुख्य बाधक भएको हुँदा यसको नियन्त्रणमा मुलुकका सबै दल सहयोगी बन्नुपर्ने उनको भनाइ छ।

# निगमले दुई विमान खरिद गर्ने

**रासस**
**काठमाडौँ ।**

नेपाल वायुसेवा निगमले दुई वटा विमान खरिद गर्नका लागि योजना अघि बढाउन उपसमिति गठन गरेको छ।

प्रादेशिकरुपमा हवाई 'कनेक्टिभिटी' बढाउने उद्देश्यले सहरी क्षेत्रका विमानस्थलमा उडान भर्न सक्ने दुई वटा जहाज खरिद गर्ने कार्य योजना अघि बढाएको हो ।

यसका लागि वैशाख २६ मा बसेको निगमको सञ्चालक समितिको बैठकले समिति सदस्य वरिष्ठ क्याप्टेन सुधिर समशेर राईको संयोजकत्वमा नौ सदस्यीय उपसमिति गठन गरेको छ । उपसमितिले २१ कार्यदिनभित्र प्रतिवेदन वुझाउने गरी काम सुरु गरिसकेको छ।

'सहरी क्षेत्रका विमानस्थलमा चल्ने जहाज नभएकाले निगमले हाल सहरी एवम् व्यापारिक हि(सावले फाइदाजनक क्षेत्रमा उडान भर्न सकेको छैन', निगमद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'निगमले दुई वटा जहाज खरिद गरेपश्चात काठमाडौँ, विराटनगर, भैरहवा, पोखरा, नेपालगञ्ज, धनगढी लगायतका क्षेत्रबाट प्रादेशिक उडान भर्न सक्नेछ।'

# नेप्सेमा झिनो गिरावट

**रासस**
**काठमाडौँ ।**



धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज झिनो अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक तीन दशमलव ३४ अङ्कले ओरालो लागेर एक हजार आठ सय ३८ दशमलब ५९ मा सीमित भएको छ । ठूला कम्पनीको शेयर कारोबारमापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलब ७१ अङ्कले ओरालो लागेर तीन सय ५३ दशमलब शून्य नौ मा सीमित भएको छ । कारोबार भएका कूल १३ कम्पनीमध्ये तीन कम्पनीको शेयर मूल्य उकालो लाग्दा १० उपसमूहको शेयर भने ओरालो लागेको छ । कूल २१ लाख पाँच हजार छ सय ५७ कित्ता शेयर ५७ करोड ८८ लाख ४१ हजार पाँच सय ९३ रुपैयाँ मूल्यमा खरिद बिक्री भएको छ। कूल ६४ कम्पनीको शेयर मूल्य उकालो लाग्दा एक सय ३४ कम्पनीको शेयर मूल्यमा भने गिरावट आएको छ। कारोबारका आधारमा नेपाल दूरसञ्चार कम्पनी शीर्ष स्थानमा छ। कम्पनीको तीन करोड १५ लाख छ हजार तीन सय ६३ रुपैयाँ बराबरको शेयर कारोबार भएको छ । ग्लोबल आइएमई बैंकको संस्थापक शेयर दुई करोड ७० लाख ८४ हजार आठ सय चार, शिवम् सिमेन्ट एक करोड ८० लाख ३७ हजार सात सय ५२, हिमाल दोलखा हाइड्रोपावर एक करोड ७७ लाख ६३ हजार चार सय १० र हिमालयन डिस्टिलरीको एक करोड ६८ लाख ७८ हजार सात सय पाँच रुपैयाँ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार आत्मनिर्भर लघुवित्त छ दशमलब १०, सिर्(टजन म्युचुअल फण्ड पहिलो पाँच दशमलब ८९, मनकामना स्मार्ट लघुवित्त पाँच दशमलब ७१, इर्स्टन हाइड्रोपावर पाँच दशमलब ६६ र कुमारी इक्विटी फण्डको शेयर मूल्य पाँच प्रतिशतले बढेको छ। त्यस्तै, फरवार्ड माइक्रोफाइनान्स पाँच दशमलब ९९, बाराही हाइड्रोपावर पाँच दशमलब ५२, एशियन हाइड्रोपावर पाँच दशमलब ५२, बलेफी हाइड्रोपावर चार दशमलब ३५ र पञ्चकन्या माई हाइड्रोपावरको शेयर मूल्य चार दशमलब ३४ प्रतिशतले घटेको छ।

# जनआन्दोलनका घाइते कायस्थको निधन

**रासस**
**काठमाडौं ।**
विसं २०६२/६३ को जनआन्दोलनका घाइते मुकेश कायस्थको निधन भएको छ । काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका-८ का उनको बुधबार राति निधन भएको हो ।




जनआन्दोलनमा घाइते हुँदा कायस्थ १५ वर्षका थिए । घाइते भएको १७ वर्षपछि उनको निधन भएको हो । केही दिनदेखि स्वास्थ्यमा थप समस्या भएपछि कायस्थलाई बनेपास्थित शिरमेमोरियल अस्पताल भर्ना गरिएको थियो । अस्पतालमै उनको निधन भएको मुकेश फाउण्डेशनका अध्यक्ष हीरा शर्माले जानकारी दिए । जनआन्दोलनताका कायस्थ बनेपाकै विद्यासागर स्कुलमा कक्षा ८ मा पढ्दै थिए । लोकतन्त्रका खातिर जनआन्दोलन भइरहँदा २०६२ चैत २७ गते उनी बनेपाको तीनदोबाटोमा बायाँ कञ्चटमा सुरक्षाकर्मीको गोली लागी गम्भीर घाइते भएका थिए । त्यस दिनदखि उनको अचेत थिए । कायस्थको बायाँ हात सोत राम्रोसँग चल्दैनथ्यो । गोलीको घाउ निको भए पनि टाउकोमा गहिरो घाउ थियो ।

सुरक्षाकर्मीले चलाएको गोली लागेर घाइते भएपछि ओछ्यानमा थला परेका कायस्थलाई 'ज्यूँदो सहिद' भन्ने गरिन्थ्यो । उनी ओछ्यानबाट कहिल्यै उठ्न सकेनन् । परिवार र स्वास्थ्यर्मीको निरन्तरको स्याहार तथा उपचारपछि कायस्थ देब्रे हात चलाउने, आमा भन्ने, हाँस्ने, गिलो खाने कुरा खाने र ह्विलर्(चयरमा अडिन सक्नेसम्म भएका थिए । उनी २०७५ असारदेखि थप बिरामी परेका हुन् ।

स्वाथ्योपचारलगायतका लागि कायस्थको नाममा प्रतिष्ठानसमेत स्थापना गरिएको छ । सरकारले उनको उपचार खर्च, १५ हजार रुपैयाँ मासिक भत्ता, एक सुसारेको लागि छ हजार दुई सय रुपैयाँ भत्ता र एक नर्स नियमित उपलब्ध गराउँदै आएको थियो । कायस्थलाई २०७८ सालमा तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली संयोजकत्वको लोकतन्त्रका योद्धा, अभिलेखीकरण तथा सम्मान समितिले जनआन्दोलनमा खेलेको योगदानको उच्च मूल्याङ्कन गर्दै 'लोकतन्त्रका योद्धा' सम्मानसमेत प्रदान गरिएको थियो ।

कायस्थ पाँच वर्षयता दुब्लाउँदै गएको, पहिलेजस्तो हाँस्न र बोल्न छाड्दा उनको परिवारलाई 'पीरमाथि पीर' थपिँदै गएको थियो । कायस्थ परिवारको एक्लो छोरा थिए । उनका बुबा कृष्णमानले केही महिनाअघि भनेका थिए, 'परिवारको एक्लो छोरा पनि आन्दोलनमा अर्धचेत हुने गरी घाइते भएपछि हाम्रो हालत के भइरहेको होला, यतिका वर्षसम्म ओछ्यानमै छ, आफैं मनन गर्नुस् ।' कायस्थ एक वर्षदेखि बोल्न सकेका थिएनन् । चपाएर खाना खान नसक्ने उनलाई झोल वा गिलो प्रकारका खानेकुरा खुवाउँदै आइएको थियो । बिरामी परेपछि भने पाइपद्वारा खानेकुरा खुवाइँदै आएको थियो ।

'बिरामी परेयता मुकेशको दायाँ हात र दुवै गोडा थोरै मात्र चल्थे,' बुबा कृष्णमानले भने । उनको चेत खुल्नसके सहयोग मागेर भए पनि उपचारका लागि अझै कतै लैजान सकिन्छ कि भन्ने आशामा बसेको थियो कायस्थ परिवार । जनआन्दोलनका घाइते र सहिदलाई सरकारले सम्झिरहोस् भन्ने चाहना कायस्थ दम्पतीको छ । सरकारले कायस्थ परिवारको बैंकको सात लाख रुपैयाँ ऋणसमेत मिनाहा गरिदिएको थियो । पछिल्लो समय मेडिसिटी अस्पतालका चिकित्सक डा. गोपाल रमणले कायस्थको स्वास्थ्य निगरानी गरिरहेका थिए । रमणका अनुसार टाउकोमा जम्ने पानी निस्कने पाइप समय समयमा बन्द हुने हुँदा समस्या भइरहेको थियो । विसं २०६२/६३ को अनआन्दोलनका क्रममा काभ्रेपलाञ्चोकका चार युवाले ज्यान गुमाएका थिए । सो आन्दोलनमा नालाका भीमसेन दाहालले कास्कीको पोखरामा, पनौतीका सगुन ताम्राकारले काठमाडौंको कलङ्कीमा, भिमखोरीका शिवहरि कुँवरले बनेपामा तथा नाग्रे गगर्चेका सुनिलकुमार लामाले काठमाडौंको जोरपाटीमा ज्यान गुमाएका थिए । आन्दोलनमा काभ्रेपलाञ्चोकका ४० जना घाइते भएका थिए ।

## मुकेशलाई सहिद घोषणा गरिन्छः मन्त्री

सङ्घीय मामला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले जनआन्दोलनका घाइते मुकेश कायस्थलाई सहिद घोषणा गरिने बताए । बुधबार साँझ निधन भएका दोस्रो जनआन्दोलनका घाइते बनेपा नगरपालिका-८ का मुकेशको श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै उनले मुकेशलाई सहिद घोषणा गर्नेमा शङ्का नगर्न आग्रह गरे । 'मुकेशलाई सहिद घोषणा गर्नेमा शङ्का नगर्नुस् । उनको निधनले राष्ट्र आज शोकाकुल छ,' मन्त्री मोदीले भने । लोकतन्त्र प्राप्तिमा मुकेशले पुऱ्याएको योगदानप्रति काभ्रेली नागरिकले गौरव मान्नुपर्ने बताउँदै उनले शोकलाई शक्तिमा बदल्न कायस्थ परिवारजनलाई आग्रह गरे । श्रद्धाञ्जली अर्पणका लागि मुकेशको शवलाई बनेपा नगरपालिका कार्यालय प्राङ्गणमा राखिएको छ । श्रद्धान्जली सभामा काभ्रेपलाञ्चोकका सङ्घीय सांसदद्वय सूर्यमान दोङ र गोकुलप्रसाद बाँस्कोटा, प्रदेशसभा सदस्यद्वय कञ्चनचन्द्र वादे र लक्ष्मण लम्साल, गृह मन्त्रालयका सचिव दिनेश भट्टराई जिल्लास्थित राजनीतिक दलका नेता तथा कार्यकर्ता एवम् स्थानीयवासीको उपस्थिति थियो । दिउँसो मुकेशको शवलाई नगर परिक्रमा गराइ साँझ बनेपास्थित उग्रतीर्थमा अन्त्यष्टि गरिएको छ ।

## देउवाद्वारा दुःख व्यक्त

नेपाली कांग्रेसका सभापति एवम् पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले 'जिउँदा सहिद'का रुपमा चिनिने ३२ वर्षीय मुकेश कायस्थको निधनप्रति दुःख व्यक्त गरेका छन् ।
कायस्थ २०६२/६३ को जनआन्दोलनका क्रममा २०६२ चैत २७ गते बनेपामा निस्केको ऱ्यालीमा सहभागी हुँदा प्रहरीको गोली लागेर गम्भीर घाइते भएका थिए । त्यसपछि सधैँ अर्धचेत अवस्थामा रहेका उनको शिर मेमोरियल अस्पतालमा निधन भएको हो ।
सभापति देउवाले एक शोक सन्देशमार्फत जनआन्दोलनमा १४ वर्षकै उमेरमा लोकतन्त्र बहालीका लागि आफ्नो प्राण जोखिममा राखी होमिएका 'जिउँदा सहिद' कायस्थको निधनको खबरले आफूलाई स्तब्ध र दुःखित बनाएको उल्लेख गरेका छन् ।

# नख्खु कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी

**रासस**
**ललितपुर ।**
ललितपुरस्थित नख्खु कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी रहेका छन् । एक हजार दुई सय क्षमताको कारागार भए पनि हाल पुर्पक्षका लागि थुनामा राखिएको र जेल चलान भएका गरी एक हजार पाँच सय सात छन् ।




क्षमताभन्दा बढी भए तापनि हाललाई अन्य कारागारको जस्तो नख्खु कारागारमा व्यवस्थापनको समस्या नरहेको कारागार प्रशासक कल्पना घिमिरेले जानकारी दिए ।

उनका अनुसार आगामी दिनमा हालको सङ्ख्याभन्दा बढी कैदीबन्दी थपिएमा व्यवस्थापनमा समस्या हुन सक्नेछ । हाल नख्खु कारागारमा छ सय ९५ पुर्पक्षका लागि थुनामा राखिएकामा ४५ विदेशी नागरिक छन् । त्यसैगरी, आठ सय १२ कैदीबन्दीमध्येमा ५७ विदेशी नागरिक छन् । कैदीबन्दी रिहाइ हुने र अदालतको फैसलाअनुसार चलान हुने भएकाले यो सङ्ख्या प्रत्येक दिन फेरबदल हुने कारागार कार्यालयका अधिकृत मुरारी कार्कीले जानकारी दिए । हाल कारागारमा तीन ब्लक छन् । पुर्पक्षका लागि थुनामा राखिएका र अदालतको फैसलापछि जेल चलान भएकालाई छुट्टाछुट्टै ब्लकमा राखिएको छ । कारागार प्रशासक कल्पना घिमिरेका अनुसार, सिआर र डिआर ब्लक राणाकालीन संरचना भएकाले ती दुई ब्लकलाई केही मर्मत गरेर यथावत राखिएको छ भने नयाँ ब्लक पूर्णरुपमा नयाँ तरिकाले निर्माण गरिएको छ । कारागारमा ३२ प्रकारका घटनामा आधारित कैदीबन्दीमध्येमा सबैभन्दा बढी जबर्जस्ती करणी र लागुऔषधसँग सम्बन्धित कैदीबन्दी रहेको कार्यालय प्रशासक घिमिरेले जानकारी दिए । उनले भने, 'कैदीबन्दीका लागि विभिन्न सीपमूलक तालिमको व्यवस्था छ । कारागारमा पढ्नका लागि करिब सात हजारभन्दा बढी पुस्तकसहितको पुस्तकालय छ । पढ्न चाहानेले कारागारबाट नै स्नातकोत्तर गर्नेसमेत व्यवस्था रहेको छ ।' कारागारभित्र खेलकूद लगायत अन्य विभिन्न सेवासुविधा सरकारले उपलब्ध गराउँदै आएको र कैदीबन्दी बिरामी परेमा उपचारको व्यवस्था रहेको प्रशासक घिमिरेले बताए ।


## विश्व रेडक्रस दिबस

# धर्म, समाज सेवा र रेडक्रस सोसाइटी

**– नागेश्वर मंडल**

समाजसेवा शव्दमा दुई खण्ड छन् - एउटा समाज र अर्को सेवा । यसको सोझो अर्थ समाजको सेवा भन्ने हुन्छ । यस भित्र वाणी,मन शरीर र कर्मले गरिएको दैवी,आराधना,उपासना,मान(यजनप्रतिको आदरसम्मान तथा व्यक्ति,समाज,राष्ट्र,धर्म - संस्कृतिको संरक्षण र भलाई सम्बन्धी सोच,भावना र भौतिक कार्य समाहित हुन्छन् ।

सृष्टिको उषाकाल देखि समाज सेवाको भावना मान्छेमा रहँदै आएको छ । आपत - विपदमा परेकालाई सहायाता गर्नु,आप(न्नो पीडा झिकेर अरुको जीवनलाई सुख र शान्तमय बनाउने काममा आफूलाई समर्पित गर्नुनै समाज सेवा हो । यसको उदेश्य स्वस्थय जीवन र स्वच्छ समाज बनाउनु हो । समाजिक जीव्न नै सत्य र सारभुत जीवन हो । मानव मस्तिष्कमा उपकारी भावना धारण गरी भौतिक सहयोगात्मक कार्य गर्नु नै धर्म भएकोले 'धारणात् धर्म मित्याह' भनी धर्मको परिभाषा राखिएका हो । धर्म मानवता हो,प्रकृति संरक्षण हो,समानाता हो,सहिष्णुता हो । धर्म भनेको सेवा हो,असहायको सेवा गर्नु नै ठूलो धर्म हो । जसले दुःखी मानिसमा भगवानको दर्शन गर्दछ,निजलाई सेवा गर्दछ,त्यो नै मानव हो । हरेक शास्त्र,पुराणमा उल्लेख छ - 'परोपकार ः पुण्याय पापय परपीडनम्'- जो परोपकार हो त्यो धर्म हो,जो परपीडक हो त्यो अधर्म हो । योगसुत्रमा छ -'मैत्रीकरुणामुदितोपेक्षा(णी'परोपकार संसारमा सबभन्दा ठूलो धर्म हो । श्री रामचरित मानसमा उल्लेख छ - 'परहित ससिस धर्म नही भाई,परपीडा सभ नहि अधमाइ'। परोपकार गर्नु नै ठूलो पूण्य हो र अरुलाई कष्ट(पीडा) दिनु ठूलो पाप हो । कवि तुलसीदासको भनाई छ - दया धर्ममूल है,देह मूल अभिमान । तलुसी,दया न छोडिए,जवलगि घट मे प्राण ॥ 'अर्थात दया र धर्म मुल हुन,यदि शरीरलाई छानियो भने त्यो अभिमान ठहन्छि,अनि घाटमा जाँदा सम्म पनि दया र प्रेमलाई छाड्नु हुँदैन । राजा भतृहरिले नीतिशास्त्रमा लेखेका छन् -'सूर्य कमललाई स्वयं नै पुष्पित गर्छन,चन्द्रमा कुमुदिनीलाई स्वयं विकसित गर्दछ,बादल स्वंय बर्षउछँ,त्यस्तै महान आत्माहरु अरुको उपकार आफैनै गर्दछ । संत कवीरले भनेका छन् - 'धन रहै न जीवन,रहै न गाँव न ठाम । कवीर जगमे जस रहै,कर दे कसीका काम ॥ स्वामी विवेकानन्दले भनेका छन् - 'कुनै दीनहीनको सेवा गर्नु राम्रो कुरा हो तर जीवलाई शिवभावले सेवा गर्नु सबैभन्दा उत्तम हो । महाकवि लक्ष्मीप्रसाद देवकोटाको कविता छ - कुन मन्दिरमा जान्छौ यात्री,कुन मन्दिरमा जाने हो,..... फर्क -फर्क हे जाँउ समाउ मानिसहरुको पाउ,मलहम लगाउ आर्तहरुको चहराइ रहेको घाउ । अरुको हितमा जो मर्दछ,अरुको हितमा जो बाँच्छ,त्यस्को हरेक आँसू रामायण हो ,हरेक कर्म नै गीता हो ।




मानिसको आत्मा पवित्र हुन्छ र पवित्र आत्मा मात्रै धार्मिक मानिन्छ र उसले गरेको धर्म सत्कर्ममा परिणत हुन्छ ।

धर्मको बाटो अनेक छन् । परहित गर्नु धर्म र मानव कत्वर्य मान्ने समाजले विश्वको जुन सुकै काममा स्थापित परोपकारी संस्थालाई सबैले मान्यता दिदै आएको हो । परोपकारी स.स्थाका रुपमा स्थापित रेडक्रसको स्थान सेवाकार्यमा सर्वोच्च छ । यसले धर्म,वर्ग जाताजाति,राजनीति र राष्ट्रियता आदिबाट अलग रहेर असहाय र पीडित सन्तप्त मानव जातिको एकतापूर्ण ऐच्छिक सेवा र सहायाता गर्छ । गर्भ देखिनै मानवताको भावनाले मुखरित यो परोपकारी संस्था मानवता ,निष्पक्षता तटस्थता,स्वाधीनता,ऐच्छिक सेवा ,एकता,विश्वमापकताका आधारभूत सिद्धान्तहरुमा आधारित छ । विश्वमा विभिन्न मानसिकतामा मतभिन्नताका कारण आन्तरिक र वाह्यद्वन्द्व हुन्छन तथा जीवनमा एक्कासी आउने प्राकृतिक विपदा र गैर प्राकृतिक प्रकोपलाई न्यूनीकरण गरी मानवीयसेवामा संलग्न रहेको संस्था हो - रेडक्रस । विपदलाई दुई प्रकारका - पहिले प्राकृतिक जस्तै हिमपात,हुरीवतास,भूकम्प,बाढीपहिरो,(शीतलहर आदि र दोस्रो - गैर प्राकृतिक जस्तै अनिकाल, कीट तथा सुक्ष्म जीवाणु आतक(,हवाई,सडक दुर्घटना,आगलागी,औधोगिक दुर्घटना आदिमा विभाजन गरिएको हुन्छ ,विपद जोखिम न्यूनिकरण गर्न बैज्ञानिक तथा प्राविधिक उपायको भरपूर उपयोग गर्न सक्ने क्षमता विकास गर्नु पर्दछ । विपद जोखिम न्यूनिकरण र व्यवस्थापनमा समन्वय र परिपालन गर्नमा नेपाल रेडक्रस सोसाइटीको प्रभावकारी भूमिका हुन्छ । रेडक्रस सबैको लागि ,सबै हाम्रा लागि भने झै रेडक्रस स्वतन्त्र विश्वव्यापी संस्था हो । विश्वव्यापी कार्यगत एकताको अवधारणा अनुसार विश्वभरी नै एकै प्रकृतिबाट कार्यक्रम संचालन गर्दछ ।

सन १८२८ मई ८ का दिन स्विटजरलैंडको जिनेभामा जन्म भएको जाँ हेनरी डयूला व्यापारको सिलसिलामा सन् १८५९ को जून महिनातिर इटालीको सेल्फोरिनो पुगेका थिए । यो समयमा नै इटाली,फ्रान्स एवं अस्ट्रियाका सेना बीच युद्ध भयो । युद्धमा मृत एंव घाइते सैनिकहरुको त्रासदीय दृश्यको प्रत्यक्षद(र्शी जाँ हेनरी डयूना थियो,त्यस ठाउमा कुनै औषधोपचार वा युद्धपिडीतलाई समान्य सहयोग गर्न राहत सामग्री थिएन् र सोही बेला डयूनाको सुपुप्त रहेको परोपकारी भावना जागृत भयो,फलस्वरुप उनले युद्धबाट पीडित अस्ट्रियन,इटालियन र फ्रेन्चहरुलाई तत्काल आपतकालीन सहयोगको व्यवस्था मिलाउने निधो गरे । नजिकैको गाउँलेहरुले पनि हरेकप्रकारको सहयोग गरे । डयूनाको प्रस्तावयुक्त परिकल्पनालाई साकार रुप दिन स्विट्जरलैंडका थप चार व्यक्ति - गुस्ताफ मोनिएर,जी.एच.ड्युको,डा.लुई अप्पियार,ड.थियोडोर मनोएर जस्ता संग मिलेर सन् १८६३ मा घाइतेहरुको निम्ति एउटा सहयोग संगठन इन्टरनेशनल कमिटि फोर रिलिफ टु द वन्डेड को प्रारुप स्थापना गरे । सन १८६४ मा कही राष्ट्रका प्रतिनिधीहरु समेत जेनेभामा जम्मा भई तर्जुमा गरी सेतो पृष्टभूमिमा रातोक्रस भएको प्रतीक चिन्हको झण्डा प्रयोग प्रारम्भ गरियो ।

रेडक्रसको 'अन्तराष्ट्रिय समिति इन्टरनेशनल कमिटि अफ द रेडक्रस'रेडक्रसको मुल संस्था हो । यो नीजि चरित्रको हुन्छ र स्वतन्त्र हुन्छ । राजनीतिक सिद्धान्त या धर्म आदिमा यो तटस्थ हुन्छ । अन्तराष्ट्रिय रेडक्रसको निति निर्देशअनुसार 'डु मोर डु बेटर' धेरै गरौ राम्रो गरौ र अगाडी बढौलाई अंगीकार गरिएको हुन्छ ।रेडक्रसद्वारा प्रतिपादित सिद्धान्त र मार्ग निर्देश बमोजीम रेडक्रसका सिद्धान्तहरुको व्यवहारमा 'आवर प्रिन्सिपल इन एक्सन'लाई कार्यक्षेत्रमा उतारिन्छ । सन् १८६३ मा विश्व रेडक्रस अभियान जन्मेको १०० वर्ष पछि नेपाल रेडक्रस सोसाइटी वि.स. २०२० साल भदौ १९ गते (४ सेप्टेम्वर १९६३) को दिन श्री ५ को सरकार स्वास्थ्य मन्त्रालयको विभिन्न व्यक्ति र संस्थाका प्रतिनिधीहरुको सभामा नेपाल रेडक्रस तदर्थ समिति गठन गरेको थियो । माघ २४ गते ( ७ फरवरी १९६४) मा श्री ५ को सरकारले जिनेभा कन्भेन्सनमा हस्ताक्षर गरी आधिकारीक मान्यतालाई सन् १९४९ को जिनेभा महासन्धिहरु अनुरुप मानवीय कार्यक्षेत्रमा सरकारको सहयोगी (अक्जीलरी टु द पव्लीक अथोरिटिज टु द ह्युमेनेट्रियन फिल्ड) स्वयंसेवी सहायक संस्थाको रुपमा देशभरी कार्य गर्ने सरकारबाट मान्यता प्राप्त एकमात्र राष्ट्रिय सोसाइटीको रुपमा वि.स.२०२१ साल साउन २५ गते नेपाल रेडक्रस काठमाडौं मजिस्टेट अपि(समा दर्ता भयो । वि.स.२०२१ असोज १६ गते (१ अक्टूबर १९६४) नेपाल रेडक्रस सोसाइटीले रेडक्रसको अन्तराष्ट्रिय समिति (इन्टरनेशनल कमिटि अफ द रेडक्रस) बाट मान्यता प्राप्त गरी संचालन हुदै आएको मानवीय संस्था हो । हुने विरुवाको चिल्लो पात,नहुने विरुवाको खस्रो पात भने झै मानवमा स्वयसेवी भावना कलिलै उमेर देखि हुनुपर्छ । वि.स. २०२१ फागुन २२ गते(५ मार्च १९६५) मा जुनियर । युवा रेडक्रस नेपाल रेडक्रसको अंगको रुपमा देशव्यापी रुपमा संचालित भएको हो ।

यसको केहि वर्षपछि अर्थात २०२६ सालमा धनुषा जिल्ला शाखाको स्थापना भएको हो । शाखाले आफनो स्थापना कालदेखि नियमित कार्यक्रमहरु गर्दै पछिल्लो वर्षहरुमा थप केही कार्यक्रमहरु सन्तोषजनक रुपले सम्पादित हुँदै आएका छन् - (१) प्रकोप व्यवस्थापन कार्यक्रम अन्तर्गत विपद जोखिम न्यूनीकरण,जनचेतनाको विकास,प्रकोप न्यूनीकरण तथा उद्धार तालिम,हातेमालो कार्यक्रमहरु आदि । (२) स्वास्थ्य सेवा अन्तर्गत रक्त संचालन,एम्वुलेन्स सेवा,एचआइभी/एड्स रोकथाम तथा प्रजनन कार्यक्रम,आँखा अस्पताल तथा समुदायिक आँखा उपचार केन्द्रहरु संचालन ,कोभिड नियन्त्रण,सुरक्षित सुत्केरी सामग्री उपलव्धता,खोप कार्यक्रममा सहयोग,आधारभूत प्राथमिक उपचारप्रि(शक्षण,अखन डट्स कमिटी संचालन,कफन सेवा सहयोग,स्वास्थ्य शिक्षा तालिम,स्वास्थ्य /प्राथमिक उपचार शिविर तथा पोष्ट संचालन,मेडि बैंक सेवा,औलोन्यूनीकरण ,झाडापखाला विरुद्ध क्याम्प संचालन आदि (३) खानेपानी,सरसफाई तथा स्वच्छता कार्यक्रम (४) सामुदायिक विकास कार्यक्रमहरु(नर्सरी,शौचालय निमार्ण )आदि तथा अन्य कार्यक्रमहरु ।

शरीरमा रगतको कमीले जीवन र मृत्युको दोसाँधमा परेका विरामीलाई रगतले जीवनदान गर्न सक्छ । नेपालमा रगतको खरीद विक्री कानुनमा अपराध रहेको छ । रगत बचाऔं,ज्यान बचाआं,रगत नाडीमा बगोस,नालिमा होईन । रक्तदान सेवामा अग्र(णी हुनुको गौरब रेडक्रसले पाएको छ । गाँउ गाँउ आँखा उपचार शिविर राखी आखाको प्रारम्भीक उपचारको साथै मोतिविन्द रोगी(हरुको निःशुल्क शल्यक्रिया र औषधी,वासको व्यवस्था आदि हुनु सराहनीय सेवा हो । सबै धर्म मान्ने धर्माबलम्वीहरु रेडक्रसका सिद्धान्तलाई स्वीकार गरी सदस्यता ग्रहण गरेका छन्, आफनो मौलिक सिद्धान्त बमोजिम साधारण,आजीवन,विशिष्ट,मानार्थ,यशस्क र र श्रेयस्कर सदस्यता प्रदान गर्छ,सदस्यता प्रदानका मुख्य आधार दान,योगदान र सहयोग सम्मान नै हुन् । करुण,दुखी मानिसका प्रति हुनु पर्दछ,त्यस्तो सेवामा आफूलाई समर्पन गर्नु नै वास्तविक मानवधर्म हो,आफनो निजी व्यक्तिगत लाभलाई समाजको हितमा बलिदान गर्नु नै सबैभन्दा ठूलो धर्म हो,सबैभन्दा ठूलो सिद्धि हो । विश्वप्रसिद्ध कर्मयोगी जाँ हेनरीडयूना आफना सम्पूर्ण तन,मन र धननै अर्पण गरेर विशुद्ध समाजसेवा गर्दै ८२ वर्षको उमेरमा सन् १९१० अक्टुवर ३० मा यस संसारबाट विदा लिए । सबैले निःस्वार्थ सेवा प्रदान गरुन्,यही नै जाँ हेनरी डयूना प्रति साँचो श्रद्धाञ्जली हुनेछ । 'सेवा धर्म ः परम गहनो योगिनामप्यगम्य' सेवा नै धर्म हो । जय रेडक्रस ।

# पाकिस्तानी पूर्वविदेशमन्त्री पक्राउ

**एजेन्सी**
**पाकिस्तान ।**

पाकिस्तानमा पूर्व विदेशमन्त्री एवं पाकिस्तान तहरिक-ए-इन्साफ दलका नेता शाह महमूद कुरैशी पक्राउ परेका छन् ।



गिरफ्तार हुनुभन्दा अघि उनले रिकर्ड गरेको भिडिओमा भनेका छन्, 'मलाई गिरफ्तार गर्न प्रहरी आइपुगेको छ । म एउटा सन्देश दिन चाहन्छु । यो आन्दोलन स्वतन्त्रताको लडाइँ हो र हामीले यसमा भाग लिनुपर्छ । आज इमरान खान उनको नियन्त्रणमा छन् जसबाट उनको ज्यानलाई जोखिम छ ।' उनले समर्थकहरूलाई खान रिहा नभएसम्म आन्दोलन नरोक्न पनि भनेका छन् । यसअघि पाकिस्तानको सेनाले सैन्य अखडाहरू र सार्वजनिक सम्पत्तिहरूमा आक्रमण गर्नेहरू विरुद्ध कडा कारबाही गर्ने चेतावनी दिएको छ ।

पूर्वप्रधानमन्त्री इमरान खानलाई भ्रष्टाचारको आरोपमा पक्राउ गरिएपछि जारी प्रदर्शनहरूमा उनका समर्थकहरू र सुरक्षा फौजहरूबीच झडप भएका र सरकारी भवनहरूमा आक्रमण गरिएका विवरण आइरहेका छन् । राजधानी इस्लामावादमा एउटा प्रहरी चौकीमा आगजनी गरिएको छ । पछिल्लो तनावमा कम्तीमा १० जना मानिसहरूले ज्यान गुमाएका छन् । पन्जाब र खैबर पख्तुनख्वामा अमनचयन कायम गर्न सेना परिचालन गरिएको छ । खानलाई आठ दिन हिरासतमा राख्न अनुमति दिइएको छ । पाकिस्तानका पूर्व प्रधानमन्त्रीले आफूमाथिका आरोप राजनीतिक रूपमा पूर्वाग्रही भएको बताउँदै आएका छन् ।

पाकिस्तानलाई सन् १९९२ को विश्वकप जिताएका पूर्व अन्तर्राष्ट्रिय क्रिकेट स्टार खान सफल खेल जीवनपछि राजनीतिमा प्रवेश गरेका हुन् । लहोरका बासिन्दा रहेका उनले क्रिकेटबाट अवकाश लिएपछि आफ्नी आमाको सम्झनामा क्यान्सर अस्पताल स्थापनाका लागि अभियान चलाएका थिए । त्यसक्रममा दशौँ लाख डलर सङ्कलन भएको थियो । परोपकारी कामले गर्दा उनको विलासी जीवनशैली छायामा पर्‍यो अनि उनलाई राजनीतिमा प्रवेश गर्न सहज भयो । सन् २०१८ को जुलाईदेखि सन् २०२२ को एप्रिलसम्म पाकिस्तानको तेहरिक ए इन्साफ (पीटीआई) दलको प्रमुखका रूपमा खान पाकिस्तानको प्रधानमन्त्री रहेका थिए ।

**भ्रष्टाचारको काण्ड के हो ?**

देशको भ्रष्टाचार नियन्त्रण निकाय न्याश्नल एकाउन्टिबिलिटि ब्युरोले भ्रष्टाचारको आरोप लगाएपछि खान मे ९, २०२३ मा पक्राउ परेका थिए । सरकारी अधिकारीहरूले खान र उनकी पत्नीले एउटा परोपकारी ट्रस्टका माध्यमबाट एकजना धनाढ्य घर जग्गा कारोबारीबाट दशौँ लाख डलर बराबरको जमिन प्राप्त गरेको आरोप लगाएका छन् ।

त्यसलाई अल-कादिर ट्रस्ट प्रकरण भनिएको छ । खान र उनका सहयोगीहरूले कुनै गल्ती नगरेको बताइरहेका छन् । ७० वर्षीय पाकिस्तानी पूर्व प्रधानमन्त्रीले आफूमाथिका आरोप राजनीतिक रूपमा पूर्वाग्रही रहेको जनाएका छन् । उनले राजनीतिक शक्तिहरूले देशको शक्तिशाली सेनासँग मिलेर आफूलाई सत्ताभन्दा बाहिर पुर्‍याउन काम गरेको आरोप लगाएका छन् ।

पूर्वप्रधानमन्त्री तथा उनकी तेस्रो श्रीमति बुसरा वात्तो संस्थाको बोर्ड अफ ट्रस्टी बसेका छन् । खानले सबैभन्दा बढी जनसंख्या रहेको पाकिस्तानको पञ्जाब प्रान्तमा अल कादिर विश्वविद्यालय स्थापना गर्ने वाचा गरेका थिए । विश्वविद्यालयको आधिकारिक संरचना निर्माण क्षेत्र ६० एकरको हुने भनिएको भएपनि त्यहाँ खासै संरचना निर्माण भएका छैनन् ।

**यो प्रकरणमा यूके कसरी जोडिन्छ ?**

सन् २०१९ को डिसेम्बर ३ मा यूकेको न्याश्नल क्राइम एजेन्सीले पाकिस्तानका धनाढ्य तथा सर्वाधिक शक्तिशालीमध्येका एक व्यापारी मलिक रिआज हुसेनसँग १९ करोड पाउण्ड बराबरको हिसाब किताब मिलान गरेको घोषणा गर्‍यो । उसले उनको यूकेको खातामा रहेका रकमहरू 'देशबाहिरबाट घुष वा भ्रष्टाचार गरेर भित्र्याइएको हुनसक्ने आशङ्का' गरेको थियो । त्यसबेला सो रकम पाकिस्तानमा फिर्ता गर्ने उल्लेख गरिएको थियो ।हुसेनले त्यही दिन आफ्नो प्रतिक्रिया सामाजिक सञ्जाल ट्विटरमार्फत सार्वजनिक गरेका थिए । 'मैले यूकेमा रहेको हाम्रो वैध र घोषित सम्पत्ति पाकिस्तानको सर्वोच्च अदालतलाई बहरिया टाउन कराचीसमेत संलग्न मुद्दामा १९ करोड पाउन्ड तिर्नका लागि बिक्री गरे ।' एनसीएको प्रेस विज्ञप्तिले त्यो निर्णय देवानी विषय रहेको र त्यसले दोषी ठहर गरिएको प्रतिनिधित्व नगर्ने जनाएको छ। अहिलेको सरकारले रकम पाकिस्तानको ढुकुटीमा राख्नुको सट्टा इमरान खानको सरकारले त्यसलाई पाकिस्तानी अदालतले गैरकानुनी ढङ्गले बजार मूल्य भन्दा कम दरमा कराचीमा जमिन खरिद गरिएको विषयमा लगाइएको जरिवाना तिर्न प्रयोग गरिएको जनाएको छ । आन्तरिक मामिला मन्त्रीले हुसेनले उक्त सद्भावका लागि खानको अल-कादिर ट्रस्टलाई पञ्जावको झेलुममा रहेको आफ्नो जमिन दिएको जनाएको छ ।

**अब पाकिस्तानका लागि के ?**

प्रधानमन्त्रीबाट हटाइएपछि खानले निरन्तर अविलम्ब चुनाव गराउनुपर्ने माग सहित पैरवी गर्दै आएका छन् । यसै वर्षको अन्त्यतिर चुनाव गर्न लागिदैंछ । खानका सहयोगीहरूका अनुसार उनी विरुद्ध एकसय भन्दा बढी मुद्दा छन् । तनाव चर्किरहेको भएपनि झन्डै २३ करोड जनसंख्या रहेको पाकिस्तानमा खान ज्यादै लोकप्रिय छन् । धेरैले अहिलेको कानुनी समस्याहरूले उनलाई आफ्नो आधार क्षेत्रमा थप लोकप्रिय बनाउने बताइरहेका छन् ।

# २१ वर्षअघि नेपाली क्रिकेटले गुमाएको अवसर

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

'सचिन तेन्दुलकरले सयौँ टेस्ट खेल्दै छन्, अब हामी पनि एसिया कपमा छनोट हुन्छौँ । तेन्दुलकर लक फ्याक्टर पक्का लाग्छ ।' विनोद दासले भनेको यो कुरा सञ्जम रेग्मी अहिले पनि झल्झली सम्झिन्छन् । यो सन् २००२ को कुरा हो । नेपाली राष्ट्रिय क्रिकेट टोली त्यस बेला सिङ्गापुरमा एसीसी ट्रफी खेल्दै थियो । प्रतियोगिताको फाइनलमा प्रवेश गर्न सक्दा नेपाल एसिया कपमा छनोट हुन्थ्यो। एसिया कपमा नेपाली टोलीले भारत र पाकिस्तानजस्ता शक्तिशाली टोलीसँग खेल्ने अवसर पाउँथ्यो ।

मलेसियालाई २५ रनले पराजित गर्दै नेपालले फाइनलमा प्रवेश पायो अनि पहिलो पटक एसिया कपको लागि छनोट भयो ।

त्यति बेला एसिसी ट्रफीका शीर्ष दुई टोली एसिया कपमा छनोट हुने प्रावधान थियो । फाइनलमा यूएईसँग छ विकेटले हारे पनि नेपालले त्यसअघि नै विजयोत्सव मनाइसकेको थियो । अन्तर्राष्ट्रिय क्रिकेटमा पाइला चालेको छ वर्षमै नेपालले अत्यन्तै ठूलो उपलब्धि हात पारेको थियो । यो सफलतापछि नेपाली क्रिकेटप्रेमीहरू निकै हर्षित भएका थिए ।

**अचानक चुलिएको प्रतिष्ठा**

सिङ्गापुरबाटै हर्षबढाइँ सुरु भइसकेको थियो । नेपाल क्रिकेट सङ्घका तत्कालीन उपाध्यक्ष श्रीहर्ष कोइराला नेपाली टोलीका प्रबन्धक थिए । उनले सिङ्गापुरमै टोलीलाई एउटा पार्टी दिए । नेपाल आउँदा नेपाली टोलीको प्रतिष्ठा ह्वात्तै बढेको अनुभूति खेलाडीहरूले गरेछन् । वास्तवमा त्यति बेलासम्म अहिलेको जस्तो नेपाली क्रिकेट टोलीको त्यति ठूलो चर्चा थिएन । तर सिङ्गापुरबाट फर्किएपछि खेलाडीहरूले नसोचेको सम्मान पाए ।

**सपनाको उडान**

सुन्धाराको एउटा पसलले बोलाएर खेलाडीहरूलाई शर्ट र पाइन्ट उपहार दियो । त्यसपछि आआफ्ना जिल्लामा खेलाडीहरूले सम्मान र स्वागत पाए । बीअर उत्पादन गर्ने काठमाडौँस्थित एउटा पाँचतारे होटलमा एउटा कार्यक्रम आयोजना गर्दै प्रत्येक खेलाडीलाई १०/१० हजार नगद रुपैयाँ पुरस्कारसहित सम्मान गर्‍यो । त्यति बेला खेलाडीहरूले पाएको त्यो रकम निकै ठूलो थियो । 'त्यति धेरै पैसा पनि मैले होटलमा खसाए'छु । सम्मानमा आएका नायक राजेश हमालले देखेछन् र मलाई दिए । झन्डै हराएको,' सञ्जम रेग्मी भन्छन् । अहिले जस्तो सरकारले नगद दिने चलन त्यो बेला कहाँ थियो र ? तर हामीलाई याद छ प्रधानमन्त्रीले बधाई दिन सबै खेलाडीहरूलाई बालुवाटारमा भने बोलाउनुभएको थियो । त्यति बेलाका राष्ट्रिय टोलीका कप्तान राजु खड्कालाई सोधिने प्रश्न यस्तो हुन्थ्यो, सचिन तेन्दुलकरले त हरेक बलमा छक्का हान्छन् होला है ? शोएब अख्तरको बल कसरी झेल्नुहुन्छ ? बाउन्सर आयो भने के गर्ने ? खड्का हाँस्दै जबाफ दिन्थे, 'नक डाउन' गरिदिने नि । तर नतिजा जे भए पनि वीर गोर्खाली तरिकाले खेलिन्छ । त्यति बेला भारतीय टोलीमा विश्वविख्यात खेलाडीहरू तेन्दुलकर, राहुल द्रविड, वीरेन्द्र सेहवाग आदि थिए । श्रीलङ्कामा मुथैया मुरलिधरन र पाकिस्तानमा शोएब अख्तरजस्ता बलर थिए । नेपाली क्रिकेट सङ्घ त भर्खरै संस्थागत हुँदै थियो । संस्थामा पर्याप्त बजेट थिएन । खेलाडीहरूमा अभाव नै अभाव थियो । न सामग्री ढङ्गको हुन्थ्यो न सुविधा ।

श्रीलङ्काली प्रशिक्षक रोय डायस नेपाली टोली सम्हाल्न आएका थिए । कीर्तिपुर मैदानमा पनि सुविधा थपिने क्रममै थियो । यस्तो टोलीले एकै पटक भारत, पाकिस्तान र श्रीलङ्काजस्ता टेस्ट राष्ट्रसँग खेल्न लागेको थियो । खेलाडीहरू अचम्मको अनुभूति गरिरहेका थिए । खड्का भन्छन्, 'हामी उत्साहित पनि थियौँ । मनमा खुसी पनि थियो, सँगसँगै डर पनि थियो ।' सबै खेलाडीहरू 'हाई क्लास क्रिकेट' खेल्ने सपना बुन्दै थिए । सङ्घ पनि तयारीमा लागिपरेको थियो । टोलीका एक जना प्रमुख खेलाडी दीपेन्द्र चौधरी सम्झिन्छन्, हामीलाई तयारीका लागि अस्ट्रेलिया वा श्रीलङ्का लैजाने कुरा पनि चलिरहेको थियो । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसीसी) ले नेपाललाई तयारीको लागि एक लाख अमेरिकी डलर दिन लागेको चर्चा पनि चल्न थालेको थियो । भारतसँग खेल्ने नेपाली टोलीको लागि भारतीय कम्पनीबाट विज्ञापन खेल्ने धेरै अवसर आउने सम्भावनाबारे पनि निकै अनुमान गरिएको थियो । तर यो सपनामा खेलाडीहरू लामो समय उड्न पाएनन् । प्रतियोगिताको तयारी गर्ने सल्लाह हुँदाहुँदै एसिया कप नै रद्द भएको खबर आयो । खेलाडीहरू निराश भए ।

**'कालो दिन'**

'एसिया कप रद्द भएको त्यो दिन नेपाली पत्रपत्रिकामा नेपाली क्रिकेटको 'कालो दिन' भनेर समाचार छापिएको थियो । हामी सम्पूर्ण खेलाडीहरू कति निराश थियौँ, त्यो त बयान गर्न सकिन्न,' खड्काले भने । दुई-तीन वर्षअघिदेखि नै कारगिल युद्धको कारण भारत र पाकिस्तानबीच तनाव चुलिएको थियो । त्यसले क्रिकेटलाई पनि असर पर्छ कि भन्ने आशङ्का पहिलेदेखि नै थियो । आखिर त्यही नै भइदियो । कप्तान खड्का नेपालले यदि २१ वर्षअगाडि नै भारत र पाकिस्तानजस्ता टोलीसँग खेल्न पाएको भए नेपाली क्रिकेट अर्कै अवस्थामा पुग्थ्यो भन्ठान्छन् । 'के थाहा नेपाली क्रिकेटको भाग्य उही बेला परिवर्तन भइसक्थ्यो कि ? तर के गर्नु एउटा अवसर त्यत्तिकै अवसान हुन गयो । नेपाली क्रिकेटले के-के गुमायो । त्यसको लेखाजोखा नै भएन ।'

एक्काइस वर्षअघि एसिया कप खेल्ने अवसर तुहिए पनि अर्को एसिया कपमा फेरि यूएई र नेपाललाई सहभागी गराउने कुरा चल्यो । खेलाडीहरूको आशा फेरि एक पटक जागेको थियो । तर एसिया कपमा यूएई र हङ्कङलाई समावेश गराइयो । नेपाल फेरि हिस्स हुन पुग्यो । 'त्यो बेलाको बैठकमा नेपाली पदाधिकारीहरूले किन नेपाललाई नखेलाउने भन्ने विषयमा तर्क गर्न सकेनन्, त्यो किन भनेर हामीले अहिलेसम्म बुझ्न सकेका छैनौँ,' खेलाडी चौधरी भन्छन् ।

**त्यो ऐतिहासिक टोली**

राजु खड्काको नेतृत्वमा रहेको नेपाली टोलीमा त्यति बेला परेश लोहनी उपकप्तान थिए । मेहबुब आलम र विनोद दास प्रमुख बलर थिए भने स्पिनको जिम्मा सञ्जम रेग्मी, शक्ति गौचन र राजकुमार प्रधानको काँधमा थियो । अन्य खेलाडीहरूमा वरदान चालिसे, दीपेन्द्र चौधरी, मञ्जित श्रेष्ठ, मनोज कटुवाल, गणेश शाही, लाक्पा लामा थिए । टोलीको व्यवस्थापक श्रीहर्ष कोइराला थिए भने सहायक व्यवस्थापक रणबहादुर बम थिए । त्यस्तै मुख्य प्रशिक्षक रोय डायस थिए भने सहायक प्रशिक्षक राजकुमार दास थिए ।

**फेरि भारत-पाकिस्तान द्वन्द्वको छायामा पर्ने डर**

यसपालिको एसिया कप पाकिस्तानमा हुन लागेको छ । भारत र पाकिस्तानबीच विद्यमान द्वन्द्वका कारण एसिया कप फेरि पनि प्रभावित हुने हो कि र कतै नेपालले फेरि एसिया कप खेल्ने अवसरबाट वञ्चित हुने हो कि भन्ने डर बढेको छ । आयोजक पाकिस्तानमा गएर नखेल्ने भारतको घोषणा र त्यसपछि 'न्यूट्रल भेन्यू' अर्थात् तटस्थ मैदानमा भारतको खेल खेलाउने विकल्पबारे पनि अहिलेसम्म सहमति जुट्न नसकेको खबरहरू सार्वजनिक भएका छन् । प्रतियोगिता नै रद्द हुनेसम्मको चर्चा चलिरहेको छ । 'नेपाल छनोट भएकै बेला मात्र यस्तो किन हुन्छ ?' नेपाली क्रिकेटप्रेमीहरू चिन्तित देखिएका छन् । तर प्रतियोगिता हुने आधारहरू भने धेरै देखिन्छ । क्रिकेटको ठूलो आर्थिक बजार तलमाथि पर्न सक्ने भएकोले प्रतियोगिता नै रद्द हुन नसक्ने विश्वास धेरैमा छ । भारतले पाकिस्तानलाई छोडेर बाँकी पाँच राष्ट्रबीच नयाँ प्रतियोगिता गर्ने प्रस्ताव गरेको खबर पनि छ । नेपालको हकमा एसिया कपको ठूलो महत्त्व छ । अहिलेको नेपाली राष्ट्रिय टोली सन् २००२ जस्तो कमजोर छैन । यो सशक्त छ र विश्वक्रिकेटमा नयाँ सफलतातिर अग्रसर देखिन्छ । नेपाल क्रिकेटका कतिपय पदाधिकारीहरूका अनुसार 'एसिया कप होस् वा अर्को नयाँ प्रतियोगिता, नेपालको सहभागिता भने पक्कै हुने छ ।'

# अमृतसर विस्फोटमा पाँच शंकास्पद पक्राउ

**एजेन्सी**
**पञ्जाव ।**

बिहीबार बिहान अमृतसरको गोल्डेन टेम्पल नजिकै रहेको श्री गुरु रामदास निवास नजिकै भएको विस्फोटमा पाँच षड्यन्त्रकारीलाई पक्राउ गरिएको छ । ट्विटरमा पञ्जाबका प्रहरी महानिदेशक (डीजीपी) गौरव यादवले घटनामा संलग्न पाँच जनालाई गिरफ्तार गरेर मुद्दा चलाएको बताएका छन् । उनले विस्फोटका बारेमा पत्रकार सम्मेलन आयोजना गरेर विस्तृत जानकारी सार्वजनिक गरिने बताएका छन् । बिहीबार बिहान अमृतसरको गोल्डेन टेम्पल नजिकै रहेको श्री गुरु राम दास निवास नजिकै विस्फोट भएको आवाज सुनिएको थियो । यो एक हप्तामा वरपर चकित पार्ने तेस्रो विस्फोट थियो ।

बिहीबार बिहान करिब १२.३० बजे विस्फोट भएको थियो । पञ्जाब प्रहरी स्रोतका अनुसार विष्फोटको उद्देश्य शान्ति खलल पार्ने थियो । 'पटाखामा प्रयोग हुने विस्फोटक पदार्थ विस्फोटमा प्रयोग गरिएको थियो' स्रोतले एएनआईलाई बताएको छ । यद्यपि घटनामा कुनै मानवीय क्षति भने भएको छैन । पत्रकारहरूसँग कुरा गर्दै प्रहरी आयुक्त नौनिहाल सिंहले यसअघि भने, 'बिहान १२.१५-र १२.३० बजे ठूलो आवाज सुनिएको थियो । अर्को विस्फोट हुनसक्ने आशङ्का छ । यसको पुष्टि हुन बाँकी छ । 'शङ्कास्पद व्यक्तिलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ,' उनले भने ।

श्री गुरु राम दास निवास सबैभन्दा पुरानो 'सराई' (लज) हो । प्रहरी र फरेन्सिक टोली घटनास्थलमा पुगेर अनुसन्धान भइरहेको छ ।

# इजरायल र प्यालेस्टाइनबीच बढ्यो तनाव

**एजेन्सी**
**इजरायल ।**

इजरायल-प्यालेस्टाइन बीचको तनाव फेरि बढेको छ । अलजजिराका अनुसार बुधवारदेखि पुनः सुरु भएको तनावमा अहिलेसम्म २० जना मारिएका छन् । यसरी मारिनेमा रकेट कमाण्डरसमेत रहेका छन् । बुधबार प्यालेस्टाइन लडाकुहरूले गाजा क्षेत्रबाट इजरायलतर्फ ६० भन्दा बढी रकेट प्रहार गरेका छन् भने इजरायली सेनाले पनि इस्लामिक जिहादको रकेट लन्च गरिने क्षेत्रमा हवाई आक्रमण गरेको जनाएको छ । प्यालेस्टाइनका अधिकारीका अनुसार बिहिबार मात्रै गाजा क्षेत्रमा आक्रमणमा परी तीन प्यालेस्टाइन नागरिकको मृत्यु भएको छ भने दुई दिनयता इजरायलको आक्रमणमा परी कम्तीमा २० जनाको मृत्यु भएको छ ।

इजरायलले गाजामा आफ्नो हवाई आक्रमण जारी राखेको छ । सो अनुसार कम्तिमा २० प्यालेस्टाइनीहरू मारिएका छन्, जसमा कम्तीमा पाँच महिला र पाँच बालबालिका, साथै प्यालेस्टिनी इस्लामिक जिहाद आन्दोलनका नेताहरू छन् ।

इजरायली सेनाले बिहीबार बिहान गाजाको दक्षिणी खान युनिसको एउटा भवनमा भएको हवाई आक्रमणमा रकेट युनिटका कमाण्डरलाई निशाना बनाएको थियो । जुन निसानामा परी युनिट कमाण्डरको को मृत्यु भएको हो ।

# इराकी जेलका महिला भोक हडतालमा

**एजेन्सी**
**इराक ।**

इराकको राजधानी बग्दादमा उच्च सुरक्षा व्यवस्था मिलाइएको एउटा कारागारमा झन्डै ४ सय महिलाले दोस्रो साता पनि अनशन जारी राखेको जानकारी बीबीसीले पाएको छ ।

ती महिलाहरू इस्लामिक स्टेट समूहसँग आबद्ध भएको अभियोगमा जेलमा छन् । तर उनीहरूले आफूविरुद्ध चलाइएको मुद्दा निष्पक्ष नभएको दाबी गरेका छन् । कारागारमा रहेका महिलामध्ये रुस, टर्की, अजरबैजान, युक्रेन, सिरिया, फ्रान्स, जर्मनी र संयुक्त राज्य अमेरिकाका नागरिक पनि छन् । उक्त कारागारमा झन्डै एक सय बालबालिका पनि रहेको ठानिएको छ । आइएस भनेर पनि चिनिएको चरमपन्थी इस्लामिक स्टेट समूहले स्वघोषित इस्लामिक राष्ट्र स्थापित गर्ने उद्देश्यसहित सिरिया र इराकमा हिंसात्मक अभियान थालेको थियो । उसका लडाकुहरूले पाँच वर्षको अवधिमा धेरै मानिसको हत्या गर्नुका साथै हजारौँलाई दास बनाएका थिए ।



सन् २०१७ मा असफल भएपछि आईएसका दशौँ हजार पूर्वलडाकुहरू समातिए । तीमध्ये धेरै पुरुषहरूलाई रीत नपुर्‍याईकन मृत्युदण्ड दिइयो । तर हजारौँ महिला तथा बालबालिकालाई जेल चलान गरियो । कतिपय विदेशी नागरिकलाई उनीहरूको देश फर्काइयो भने कतिपयलाई सिरिया र इराकका जेल पठाइयो । बग्दादको कारागारबाट बीबीसी अरेबिकलाई पठाइएका भिडिओमा दुब्ला महिलाहरू शिथिल भएर ढुङ्गाको भुइँमा पल्टिरहेको देखिन्छ ।

अनशनमा रहेका महिलाहरूले एप्रिल २४ तारिखयता खाना नखाएको बुझिएको छ । अनशनको सुरुतिर उनीहरूले प्रत्येक दिन आधा गिलास पानी मात्र पिएका थिए । केही महिलाहरूले अब पानी पनि पिउन छोडेका छन् । साना बालबालिका पनि भिडिओ फुटेजमा देखिन्छ । तीमध्ये धेरै चाहिँ कारागारभित्रै जन्मेको ठानिएको छ । कारागारमा रहेका महिलाहरूले १५ वर्षदेखि आजीवन जेलसजाय पाएका छन् । केही महिला मृत्युदण्डको सजाय पाउने पनि रहेका छन् जसको सजाय कार्यान्वयन हुन बाँकी रहेको बीबीसीले बुझेको छ । आफूहरूले पाएको सजाय र हाल बसिरहेको अवस्थालाई लिएर ती महिलाहरू अनशनरत छन् । गैरकानुनी रूपमा राखेको मोबाइल फोनबाट कुरा गर्दै एक महिलाले रिहा नभएसम्म केही नखाने बताइन् । दश मिनेटको सुनुवाइको भरमा आफूलाई १५ महिनाको जेलसजाय सुनाइएको उनले बताइन् । ती महिलाका अनुसार उनलाई बलपूर्वक अभियोगपत्रमा हस्ताक्षर गर्न लगाइएको थियो ।

उनले हस्ताक्षर गरेको कागजपत्र अरेबिकमा थियो जुन भाषा उनी बुझ्दिनन् । हतियार बोकिरहेको अवस्थामा मोसुलबाट उनलाई पक्राउ गरिएको थियो । आफूविरुद्धको आरोप उनले अस्वीकार गर्दै आएकी छन् । उनका अधिकांश दाबीलाई पुष्टि गर्न सम्भव छैन । कैदीबन्दी महिलाहरूले आफ्नो देशका दूतावासहरूसँग नभएको र सुनुवाइका बेला कूटनीतिक प्रतिनिधिहरू उपस्थित नभएको बताएका छन् ।

जेलमा धेरै जनाको मृत्यु भएको दाबी हामीले कुरा गरेका महिलाहरूले विगत छ वर्षको अवधिमा रुसाफा कारागारभित्र ३० बालबालिकासहित झन्डै ६० कैदीबन्दीको ज्यान गइसकेको दाबी गरेका छन् ।

एक महिलाका अनुसार कारागारभित्र पछिल्लो पटक ज्यान गुमाउने बच्चाको उमेर जम्मा तीन वर्ष थियो । कारागार पूर्वी बगदादमा रहेको छ जहाँ आतङ्कवादसम्बन्धी आरोपमा नभई अरू अपराधमा दोषी ठहर गरिएका महिलाहरू बस्छन् । कारागारको एउटा कोठामा ४० जनालाई राखिएको र उनीहरूलाई कुटपिट गरिनुका साथै अमानवीय व्यवहार समेत हुने गरेको कैदीबन्दीले बताएका छन् ।

गत एप्रिलमा इराकी न्याय मन्त्रालयले कारागारबाट श्रव्य सामग्री चुहिएको भन्दै कारागारका निर्देशकलाई बर्खास्त गर्ने घोषणा गरेको थियो । रुसाफा कारागारमा क्षमताभन्दा चारगुना बढी कैदीबन्दी रहेको पनि मन्त्रालयले स्वीकार गरेको थियो । इराकी सरकारले महिला कैदीबन्दीहरूको अनशन अथवा कारागारको अवस्थाबारे बीबीसीसँग कुरा गर्न अस्वीकार गरेको छ । हालै इराकी संसद्को मानवाधिकार समितिले आईएससँग जोडिएका विदेशी कैदीबन्दीहरूलाई उनीहरूको देश फर्काउने प्रक्रियामा तीव्रता दिन अधिकारीहरूलाई निर्देशन दिएको थियो ।

इच्छाले आईएसमा जोडिएको र उनीहरूको अपराधमा पनि संलग्न भएको केही महिलाहरूले स्वीकारेका थिए भने केहीले झुक्याएर वा जबरजस्ती लगाइएको बताएका थिए । उनीहरूमध्ये एकदमै चर्चा भएकामध्ये शमिमा बेगम थिइन् । ब्रिटेनमा विद्यालयमा पढ्दै गरेकी उनी सन् २०१५ मा सिरिया पुगेकी थिइन् । उनी अहिले पनि देशको उत्तरी क्षेत्रस्थित बन्दीगृहमा कैद छिन् । कैदीबन्दी महिलाहरूले गरेका दाबीलाई स्वतन्त्र रूपमा पुष्टि गर्न कठिन छ ।

# आदिकवि भानुभक्तको शालिकमाथि राजनीति

## भानुको शालिक बनाउन नगरप्रमुखलाई ज्ञापन पत्र

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको राजधानी जनकपुरधाममा शालिककै विषयमा राजनीतिक दलका युवा दुई खेमामा विभाजित भएका छन् । धार्मिक संघसंगठनले पनि आदिकवि भानुभक्तको शालिक बनाउन माग गरेका छन् ।



मधेश केन्द्रित दलका युवा एकातर्फ छन् भने राष्ट्रिय राजनीतिक दलका युवा अर्कातर्फ ध्रुवीकृत हुदाँ स्थानीय हिन्दुवादी संगठनले भानु चोकमा भानुको स्मारक बनाउन दबाब दिन ज्ञापनपत्र बुझाएका छन् । जनकपुरधाम उपमहानगरपालिकाले साविकको भानुचोकमा आदिकवि भानुभक्त आचार्यको शालिक बनाउन शिलान्यास गरेपछि मधेश केन्द्रित दलका युवाले विवाद निम्त्याएका थिए । यसपछि शालिक निर्माण कार्य स्थगित छ । यता, आदिकवि भानुभक्तको शालिक निर्माण गर्न माग गर्दै धार्मिक हिन्दूवादी संघसंगठनले जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहलाई ज्ञापन पत्र बुझाएका छन् । स्थानीय युवा नेता सुशील कर्ण र जानकी मन्दिरका सहायक महन्थ रामरोशन दास वैष्णवको अगुवाईमा आधा दर्जन हिन्दूवादी संघसंगठनका प्रतिनिधिले बिहीबार नगरप्रमुख साहलाई ज्ञापनपत्र बुझाउँदै भानुको शालिक निर्माण गर्न दबाब दिए ।रामायणको धार्मिक आध्यात्मिक तथ्यलाई नेपालीमा अनुवादमा घरघरसम्म पुऱ्याउने आदिकवि भानुभक्त आचार्यको शालिक पुनर्निर्माण कार्यमा बाधा अवरोध गर्नेहरु हिन्दूविरोधी रहेको भन्दै नगरप्रमुख साहलाई ज्ञापन पत्र बुझाएका हुन् । राजा जनककी छोरीसमेत रहेकी सीताको महिमालाई मौलिक भाषाको माध्यमबाट प्रचारप्रसारमा महत्वपूर्ण योगदान दिनेप्रति अपमानजनक क्रियाकलापले आहतमा पारेको भन्दै जनमानसको भावनालाई बुझेर यथाशीघ्र भानुभक्तको शालिक निर्माण गर्न नगरप्रमुख साहसँग माग गरिएको नेकपा एमालेका युवा नेता सुशील कर्णले बताए ।
ज्ञापनपत्र बुझ्दै नगरप्रमुख साहले चाँडै भानुभक्तको शालिक निर्माण कार्य अघि बढाइने प्रतिबद्धता जनाए । यसअघि विभिन्न ११ विद्यार्थी संगठनले पनि जनकपुरधामको भानु चोकमा आदिकवि भानुभक्त आचार्यको शालिक निर्माण गर्नुपर्ने माग राख्दै नगरप्रमुख साहलाई ज्ञापनपत्र बुझाएका थिए ।
यता, मधेश आन्दोलनका प्रथम सहिद रमेश महतोको शालिक निर्माण गर्नुपर्ने माग राख्दै लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी निकट युवा विद्यार्थी संगठनले भानुभक्तको शालिकको बिरोध गर्दै आएका छन् । २०६३ अघि भानुचोकमा भानुभक्त आचार्यको शालिक थियो । तर, मधेश आन्दोलनताका आन्दोलनकारीले आक्रोशमा शालिक भत्काएका थिए ।

# भोजपुरी भाषा संरक्षण गरौँः सिंह




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका प्रमुख राजेशमान सिंहले भोजपुरी भाषाको संरक्षण, संवर्द्धन तथा उत्थानका महानगर सधैँ क्रियाशील रहेको बताएका छन् ।
भोजपुरी प्रतिष्ठान वीरगंजको आयोजना र भाषा आयोगको सहकार्यमा विहीबार वीरगंजमा सम्पन्न ' मातृभाषा में शिक्षा के सन्दर्भः भोजपुरी में पठन पा(ठन' विमर्श गोष्ठीमा प्रमुख सिंहले यस्तो बताएका हुन् । भाषा आयोग नेपालका अध्यक्ष डा. गोपाल ठाकुरले प्रारम्भिक शिक्षा मातृभाषामा सञ्चालन गर्न सके सिकाई प्रक्रिया सहज हुने ठोकुवा गरे ।
स्थानीय भाषामा पठनपाठन लागू गर्न स्थानीय सरकार तथा समाज पनि गम्भीरताका साथ लाग्नु पर्ने आवश्यता रहेको डा. ठाकुरले बताए ।
वीरगंज महानगरपालिका शिक्षा शाखा प्रमुख अरविन्दलाल कर्णले कुनै समुदायको इतिहास समाप्त गर्नु परे त्यस समुदायको भाषा समाप्त गरे पुग्ने भन्दै मातृभाषा संरक्षणमा सबै गम्भीरताका साथ लाग्नु पर्ने बताए । भाषा आयोगका सदस्य गोपाल अश्कले मातृभाषामा रोजगारी सिर्जना गर्न सके मातृभाषाको विकास हुने बताए ।
उनले काठमाडौँ महानगरपालिकामा मातृभाषाका १ सय १५ शिक्षक दरबन्दी कायम गरिएको उदारहण दिँदै यहाँ पनि त्यस्तो गर्न सके भोजपुरी भाषाप्रति आकर्षण बढ्ने बताए । वीरगंज महानगरपालिका प्रमुख राजेशमान सिंहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा भाषाविद् डा. विश्वम्भर शर्मा, वरिष्ठ पत्रकार चन्द्रकिशोर झा, भोजपुरिया माटीका सम्पादक साहित्यकार रामप्रसाद साह, महुवा पत्रिकाका सम्पादक प्रियंका पाण्डे, ललितकला केन्द्रका सदस्य अजमत अली, सल्मा खातुन, ओमप्रकाश सर्राफ, तवरेज अहमद, ईश्वरचन्द्र यादव, विनोद मेहता, धुव्र सिंह ठकुरी, अनिता साह, ऋतुराज पटेललगायतको उपस्थिति थियो । कार्यक्रममा सहभागीलाई भाषा आयोगका अध्यक्ष डा. ठाकुरले नेपालमा विभिन्न भाषाको इतिहास र भोजपुरी भाषाको इतिहासबारे प्रकाश पारेका थिए । कार्यक्रम सहजीकरण भोजपुरी प्रतिष्ठान वीरगंजका सदस्य एवम् पत्रकार रितेश त्रिपाठीले गरेका थिए । कार्यक्रममा साहित्यकार, विभिन्न स्कुलका प्रधानाध्यापक तथा शिक्षकको सहभागिता थियो ।

# विद्युतीय कारको शोरुम सञ्चालनमा

**मधेशदृष्टि**
**वीरगंज ।**
चौधरी ग्रुपअन्तर्गत सिजी मोटरले नेपालमा पहिलोपटक ल्याएको विद्युतीय कारको आधिकारिक बिक्री कक्ष (शोरुम) वीरगंजमा सञ्चालनमा आएको छ ।
चिनियाँ ब्राण्ड 'होजन अटो न्यू इनर्जी भेहिकल कम्पनी' ले उत्पादन गरेको नेटा भी कार र केवाइसी भी-५ इलेक्ट्रिक भ्यानको वीरगंजस्थित आद(र्शनगरमा बिक्री कक्ष मिनोल्टा इन्भेष्टमेन्टले सञ्चालनमा ल्याएको हो । शोरुमको विहीबार हिन्दू धर्म संस्कृतिअनुसार पूजापाठ गरेर शुभारम्भ गरिएको छ ।
मधेश प्रदेशको आधिकारिक बिक्रेता मिनोल्टा इन्भेष्टमेन्टका प्रमुखद्वय आकृति अग्रवाल र प्रतीक अग्रवाललगायतले हिन्दू धर्म संस्कृतिअनुसार पूजापाठ गरेर बिक्री कक्ष शुभारम्भ गरे । प्रमुख आकृति अग्रवालले वातावरणमैत्री नेटा भी मोडलको कार र केवाइसी भ्यानको विकल्प नभएको दाबी गरिन् ।

# मारुती सिमेन्टमा मजदुरको मृत्यु

**मधेशदृष्टि**
**सिरहा ।**
मारुती सिमेन्ट उद्योगमा कार्यरत मजदुरको मेसिन मर्मत गर्ने क्रममा दुर्घटनामा परी निधन भएको छ । कारखानाको मेसिन बिग्रिएर मर्मत गर्न चेम्बरमा चढेका बेला भारतको मध्यप्रदेश सतना जिल्लाका अन्दाजी २५ वर्षीय मजदुर अनुराग तिवारीको मृत्यु भएको हो ।
मेसिन मर्मत गर्ने क्रममा बेल्टले दाहिने पाखुरा काटिएर घाइते भएका तिवारीको फूलकुमारी मेमोरियल अस्पताल कर्जन्हा पुग्दा अस्पतालले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।



प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ । घाइते तिवारीलाई उद्धारमा ढिलाइ भएका कारण उनको मृत्यु भएको कारखाना मजदुर युनियनले आरोप लगाएको छ ।
युनियनका प्रतिनिधिहरूले घटनाको सत्यतथ्य छानबिन गर्न माग गरेका छन् । उद्योगमा कार्यरत मजदुरको उचित सुरक्षा व्यवस्था नहुँदा सानो दुर्घटनामा पनि मृत्यु हुने गरेको उनीहरूको भनाइ छ ।

# लाइसेन्स नवीकरणमा १० वर्षे प्रस्ताव

**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले सवारी चालक अनुमतिपत्र (ड्राइभिङ लाइसेन्स) १० वर्षमा नवीकरण गर्ने व्यवस्था गर्न प्रस्ताव गरेको छ ।
सरकारले तयार गरेको केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयकको मस्यौदामा थप ५ वर्ष लाइसेन्स नवीकरण गर्नुनपर्ने गरी प्रस्ताव गरिएको छ । हाल ५ वर्षमा ड्राइभिङ लाइसेन्स नवीकरण गर्नुपर्ने व्यवस्था छ । यो व्यवस्था झन्झटिलो भएको भन्दै १० वर्षमा नवीकरण गर्ने व्यवस्थाका लागि प्रचलित कानुन नै संशोधन गर्न लागिएको हो ।
५ वर्षमा नवीकरण गर्नुपर्ने प्रावधानका कारण लाइसेन्स नवीकरण भइरहँदा १० वर्षमा नवीकरण गर्नुपर्ने व्यवस्था गर्न लागिएको हो । नयाँ स्मार्ट कार्ड छाप्नसमेत लोड कम हुने भएकाले यसो गर्न लागिएको जानकारी भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले १२ वैशाखमा संसद बैठकमै गराएका थिए ।
सरकारले विधेयकमा सवारी जाँचपास तथा प्रदूषण परीक्षणका केन्द्र सञ्चालनको अनुमति निजी क्षेत्रलाई नै दिन सक्ने गरी विधेयकमा प्रस्ताव गरेको छ । यस्ता केन्द्रले सवारीहरुको मेकानिकल र इलेक्ट्रिकल अवस्था जाँच गरेर प्रदूषण अवस्था परीक्षण गरी प्रमाणपत्र दिन सक्नेछन् ।
ऐनमा संघीय सरकारले बनाएको सूचना प्रणालीमा प्रदेशहरुले दर्ता हुने सवारीको विवरण, चालक अनुमतिपत्रको विवरण, राजस्व सम्बन्धी विवरण तथा अन्य वैयक्तिक तथा जैविक (बायोमेट्रिक्स) विवरण प्रविष्ट गर्नुपर्ने व्यवस्था पनि गरेको छ ।

# लागुऔषधले लियो युवकको ज्यान, चार पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लागुऔषध सेवन गर्ने विषयमा युवा समूहमा विवाद हुँदा एकको मृत्यु भएको छ भने घटनामा संलग्न चार जनालाई प्रहरीले अनुसन्धानका लागि पक्राउ गरेको छ ।जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-७ का २४ वर्षीय मो. गुलाम मन्सुर भनिने रवानी मन्सुरको मृत्यु भएको धनुषा प्रहरीले जनाएको छ । मंसुर मंगलबार राति १ बजे छतबाट लडेर घाइते भएका थिए भने उनको उपचारक्रममा प्रादेशिक अस्पताल जनकपुरमा बुधबार बिहान ११ बजे मृत्यु भएको थियो । धनुषा प्रहरीले अनुसन्धानक्रममा घटना शंकास्पद देखेपछि मृतक मन्सुरका चारजना साथीलाई नियन्त्रणमा लिएको हो । प्रहरीले पक्राउ गरेका चारमध्ये दुईजनालाई सार्वजनिक गरेको छ । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-७ जानकीनगरका २० वर्षीय अनुज तिवारी, २५ वर्षीय जियाउल राइन, जनकपुरधाम-८ का ३१ वर्षीय राजकुमार साह र



नगराइन नगरपालिका वडा नम्बर-२ का २१ वर्षीय जितेन्द्र कुमार मण्डल पक्राउ परेका हुन् । धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्काले मृतक मन्सुर र पक्राउ परेका व्यक्तिहरु मंगलबार धनुषाको जटही नाकाबाट लागूऔषध सेवन गरिरहेका थिए । मंगलबार राति १ बजे जनकपुरधाम-२३ स्थित लादोमा चुरोट किनेर छेउमै रहेको निर्माणाधीन पक्की घरको दोस्रो तलामा चढेर उनीहरुले चुरोटमा गाँजा भरेर सेवन गरेका थिए । तर गाँजासहितको चुरोट तान्ने विषयमा विवाद भएपछि मन्सुर छतबाट लडेर घाइते भएका थिए ।

# कोशी नामकरणमा सभामुखको असन्तुष्टि

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका सभामुख र कोशी प्रदेशका सभामुखसहितको टोलीबीच भेटवार्ता भएको छ ।
बिहीबार कोशी प्रदेशका सभामुख बाबुराम गौतम तथा उपसभामुख सृजना दनुवारले मधेश प्रदेश प्रदेशसभाको अध्ययन अवलोकन तथा भ्रमण गर्दै प्रदेशसभा सञ्चालन एवम् प्रगतिसम्बन्धी छलफल गरेका थिए । छलफलक्रममा सभामुखद्वयले प्रदेशसभालाई जनपक्षीय बनाउन सरकारलाई आग्रह गरेका छन् । मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डल र कोशी प्रदेशका सभामुख गौतमबीच भएको भेटवार्तामा उनीहरुले सातवटै प्रदेशका सभामुखको बैठक गरेर प्रदेशसभा सञ्चालनलाई थप प्रभावकारी बनाउन साझा अवधारणा ल्याउनुपर्ने आवश्यकता रहेको बताए ।कोशी प्रदेशका सभामुख गौतमले कोशी प्रदेशको नामकरणको सवालमा असन्तुष्टी व्यक्त



गरे । उनले मधेश प्रदेशका सभामुख मण्डलसँगको भेटमा कुराकानी गर्दै कोशी प्रदेशको नामकरण हाउसबाटै बहुमतले पारित भएपछि व्यक्तिगतमा सभामुखको हैसियतले प्रक्रियागतरुपमा कोशी प्रदेश भए पनि चित्त दुखेको बताए । तथापी दुई तिहाई मतले अझै पनि नामकरण परिवर्तन गर्न सक्ने कानुनी व्यवस्था रहेकाले यसका लागि पहल गर्नुपर्ने कोशी नामकरणपछि भइरहेको आन्दोलनतर्फ केन्द्रित हुँदै उनले यसतर्फ ध्यान दिन सुझाए । उनले नयाँ दलहरुले संघीयतालाई बेवास्ता गर्दै जथाभावी बोल्दै हिँडेकामा भने, 'संघीयता खतरामा छ । नयाँ पार्टीहरुको गतिविधि हेर्दा संघीयताबिरोधी देखिन्छ । यसप्रति संघीयता पक्षधर दलहरुले संघीयताका राम्रा पक्षलाई अघि बढाउनुपर्ने र दुर्बल पक्षलाई सच्याउँदै अघि बढ्नुपर्ने देखिनछ ।' त्यस्तै, मधेश प्रदेशका सभामुख मण्डलले मधेश प्रदेशसभाबाट ५३ वटा विधेयक पारित भए पनि ऐन कानुन कार्यान्वयनमा चुनौती देखिएको बताए । उनले अहिलेसम्म पनि प्रदेशको कानुनलाई न्यायालयमा कार्यान्वयनमा ल्याउन नसकेको र कानुन व्यवसायी तथा कानुन पढाई हुने कलेजले पनि प्रदेशको ऐन कानु बेवास्ता गरेकाले प्रदेशको कानुन कागजमै सीमित हुनेप्रति चिन्ता व्यक्त गरे ।उनले भने, 'यसका लागि बार एसोसिएसन, न्यायलयलगायतलाई सहभागी गराउने, अन्य फेड्रेल मुलुकमा प्रान्तको कानुन कसरी लागू र कार्यान्वयन छ । यसका लागि छलफल र अध्ययन आवश्यक छ ।'




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन